# दिगो विकास लक्षको स्थानीयकरण योजना

# २०७९-०८३

# फिक्कल गाउँपालिका

# सिंधुली

# प्राक्कथन

फिक्कल गाउँ पालिका बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । महाभारत पहाडको २३८ मिटर उचाइको शृङ्खलामा पर्ने चुचुरो लाई फिक्कल भनिने गरिन्छ, यही चुचुरोको नामबाट फिक्कल गाउँ पालिकाको नाउँ रहन गएको हो । राजधानीबाट झन्डै १३४ किलोमिटरको दुरीमा रहेको यो पालिका प्रतिक्रिया र जैविक दृष्टिकोणले निकै संवृद्ध रहेको छ। यहाँका परम्परागत पहिचान विविध प्रतिक्रिया सुन्दरता जैविक विविधता विभिन्न जातजातिका संस्कृति र परम्परामा निकै संवृद्ध रहेको छ।

नेपालको संविधान राज्य पुनर्संरचना र सङ्घीयता कार्यान्वयन का क्रममा यो गाउँ पालिका निर्माण भएको हो । जैविक विविधता प्राकृतिक सुन्दरता सहित विकासका अपार सम्भावना हुँदा हुँदै पनि यो पालिका अन्य स्थानीय तह भन्दा निकै पछाडि रहेको छ । सीमित श्रोत साधनाका वावजुत पनि यस पालिकाको विकास गरी संवृद्ध पालिका बनाउन हामीले बिभिन्न प्रयत्न गरिरहेका छौ । स्थानीय तहको दोस्रो कार्यकालको पहिलो आर्थिक वर्ष २०७९/२०८० को बजेट नीति तथा कार्यक्रमलाई अझ वैज्ञानिक बनाउँदै बनाउँदै विभिन्न विकासका योजनालाई हामीले अगाडी सारेका छौ । पूर्वाधार विकाशले मात्रै विकास पूर्ण नहुने हुँदा मानवीय विकासमा पनि हामीले यो आर्थिक वर्षमा जोड दिएका छौ ।

हामीले आफ्ना नीति तथा कार्यक्रम निर्माण गर्दा सङ्घीय कानुन र राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिविद्धताका मूल मर्मलाई पनि समेट्ने प्रयास गरेका छौ । यसै क्रममा संयुक्त राष्ट्र सङ्घको आह्वानमा विश्वको समतामूलक विकास र समृद्धिको लागि सुरु भएको सहश्राव्दी विकास लक्ष्यको परिणाम र त्यसैको जगमा टेकेर पुन आह्वान गरिएको दिगो विकासका लक्ष्यहरू (२०१६ -२०३०) लाई कार्यान्वयन गर्न नेपाल सरकार पनि प्रतिबद्ध छ । दिगो विकास लक्षहरूको स्थानीयकरण गर्ने हरेक स्थानीय

तहको प्रमुख दायित्व रहेको छ । यसै अवस्थालाई मध्यनजर गरी हामीले दिगो विकासको स्थानीयकरण योजना २०७९-२०८४ पारित गरी कार्यान्वयनमा ल्याएका छौ ।

दिगो विकास लक्षको स्थानीयकरण योजना निर्माण गर्ने कार्यमा प्राविधिक रूपमा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यु.एन.डी.पी.) सँगको सहकार्य गर्न पाउँदा हामी खुसी व्यक्त गर्दछौ । यो कार्यमा लामो समय पालिकासँग नियमित सम्पर्कमा रही स्थानीय करण योजनाको मस्यौदाकार एविलिटि मञ्चका निर्देशक अधिवक्ता सुदर्शन सुवेदी, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यु.एन.डी.पी.) का सुशासन सल्लाहकार तथा सहायक आवासीय प्रतिनिधि बिन्दा मगर, युएनडिपी रणनीतिक संलग्नता समुहकार्फ बाट गीताञ्जली राई, फिक्कल गाउँपालिकाका जनप्रतिनिधि कर्मचारी सबैलाई धेरै धेरै धन्यबाद तथा आभार व्यक्त गर्दछौ ।

यो स्थानीय करण योजना कार्यान्वयनमा सबैको साथ सहयोगको अपेक्षा गर्दछौ ।

---

| | |
|---|---|
| **पार्वती सुनुवार** | **राजु बराल** |
| **अध्यक्ष** | **उपाध्यक्ष** |
| **फिक्कल गाउँपालिका** | **फिक्कल गाउँपालिका** |
| **फिक्ल ४ खाङ्साङ** | **फिक्ल ४ खाङ्साङ** |

# दिगो विकास लक्षको स्थानीयकरण

# फिक्कल गाउँपालिका

## फिक्कल गाउँपालिकाको संक्षिप्त परिचय[1]

फिक्कल गाउँपालिका सिंधुली जिल्लाको पूर्वोत्तर क्षेत्रमा पर्ने गाउँपालिका हो । राज्य पुनर्संरचना पश्चात साविकका माहादेवडाँडा, सुन्मामपोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गा.वि.स.हरूलाई समेटेर बनाइएको यस गाउँपालिका पर्यटकीय दृष्टिकोणले पनि निकै संभावना भएको गाउँपालिका हो । यस गाउँपालिकामा पर्ने पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको फिक्कल नाम गरेको हिमाली चुचुरोको नामबाटै पालिकाको नामाकरण गरिएको हो । माहाभारत पर्वत श्रृङ्खलामा पर्ने २३६८ मिटर उचाइमा रहेको उक्त चुचुरो सिन्धुली जिल्लाको सर्वोच्च स्थान हो । यस गाउँपालिकाको अधिकांश स्थलहरूले मध्यपहाडी लोकमार्गलाई समेत समेटने भएको हुनाले यस गाउँपालिकाको आर्थिक भविष्य पनि निकै उज्वल देखिन्छ । जम्मा १८५ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको यस गाउँपालिकाको कुल जनसंख्या १८५५७ (महिला ९२०९ पुरुष ९३४८ रहेको छ भने जनघनत्व ९१.७ जना प्रति वर्गकिलोमिटर रहेको छ । यो पालिका नेपाल सरकारबाट पूर्ण साक्षार गाउँपालिकाको रूपमा घोषणा भएको पालिका हो । जम्मा ६ वटा वडाहरूमा समेटीएको यस गाउँपालिकाको पूर्वी सिमानाले ओखलढुंगा र उदयपुर जिल्लालाई छुन्छ भने पश्चिममा सिंधुली जिल्लाकै तीनपाटा गाउँपालिका र गोलन्जोर गाउँपालिका पर्छन् । यसैगरी फिक्कलको उत्तरीसीमानाले ओखलढुंगा र रामेछाप जिल्ला छुन्छ भने दक्षिणी सीमानाले सिंधुली जिल्लाकै दुधौली नगरपालिका र उदयपुर जिल्लालाईछोएको छ ।

## दिगो विकास लक्ष (Sustainable Development Goals)

हामी बसेको पृथ्वी र हामी सम्पूर्ण मानव समुदायको समृद्धिको निम्ति विश्वव्यापी रूपमा सहमति गरिएको विकासको खाका नै दिगो विकासको लक्ष हो । मानव समुदाय र पृथ्वीको वहुपक्षीय र दिगो विकासको लागि संयुक्त राष्ट्रसंघले सन २०१६ देखी २०३० सम्मको लागि विकासको लागि लक्ष र सुचकहरू जारी गरेको छ । यसलाइ दिगो विकासका लक्ष

[1] https://phikkalmun.gov.np/content/%E0%A4%AA%E0%A4%B0%E0%A4%BF%E0%A4%9A%E0%A4%AF

वा विश्वव्यापी विकास लक्ष पनि भनिन्छ । नेपाल पनि दिगो विकास लक्षको पक्षराष्ट्र हो । दिगो विकास लक्षका निम्न पाँच मुख्य स्तम्भहरू छन् ।

१) **पृथ्वी (Planet):** हामी बस्ने पृथ्वीमा रहेको वातावरण, प्राकृतिक साधन र स्रोतहरूलाई भावी पुस्ताका लागि विकास र संरक्षण गर्ने ।


२) **मानव (People):** विश्वबाट सबै प्रकारका गरीवी र भोकमरीको अन्त्य गर्ने, मर्यादा एवम् समानता कायम गर्ने ।



३) **समृद्धि (Prosperity):** प्रकृतिसँग सामाजस्यता कायमगरी समृद्ध र समुन्नत मानव जीवनको सुनिश्चितता गर्ने

४) **शान्ति (Peace):** शान्तिपूर्ण, न्यायपूर्ण र समावेशी समाजको निर्माण गर्ने


५) **साझेदारी (Partnership):** शसक्त विश्वव्यापी साझेदारी द्वारा दिगो विकासका कार्यसूचिहरु को कार्यान्वयन गर्ने ।

उल्लेखित पाँचवटा स्तम्भहरूलाई मुख्य सिद्धान्तको रूपमा लिएर **"कसैलाइ पनि पछाडी नपार्ने"** अर्थात Leave no one behind भन्ने मुल मन्त्र वा उद्देश्यका साथ संयुक्त राष्ट्रसंघले सन २०३० सम्ममा हासिल गर्नको लागि जम्मा १७ वटा मुख्य लक्ष्यहरू निर्धारण गरेको छ । यि १७ वटा मुख्य लक्ष्यका १६९ वटा सहायक लक्ष्यहरू र २३२ वटा सूचकहरू छन् । दिगो विकास लक्ष्य विकासको कुनै छुट्टै मोडेल वा फरक प्रकृतिको अवधारणा होइन । हरेक राष्ट्रले देशको विकास गर्दा माथि उल्लेखित पाँचवटा स्तम्भहरूलाई मुख्य ध्यान दिनुपर्छ र आफ्ना विभिन्न वार्षिक वा आवधिक योजना र कार्यक्रमहरूमा दिगो विकासका लक्ष्यहरूलाई समावेश गरेर विकासका कार्यक्रमहरू संचालन गर्नुपर्छ भन्ने हो । दिगो विकासका मुख्य लक्ष्यहरूलाई क्रमशः तल प्रस्तुत गरिएको छ ।

| | |
|---|---|
| १. **गरिबीको अन्त्यः** सबै ठाउँबाट सबै प्रकारको गरिवीको अन्त्य गर्ने |  |

| | | |
|---|---|---|
| **२. शुन्य भोकमरीः** भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिलाई प्रवर्धन गर्ने । | |  |
| ३. **मानिसको लागि स्वस्थ जीवनः** सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने । | |  |
| ४. **गुणस्तरीय शिक्षाः** सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने । | |  |
| ५. **लैंगिक समानताः** लैंगिक समानता हासिल गर्ने र सबै महिला र किशोरी र बालिकालाई सशक्त बनाउने | |  |
| ६. **स्वच्छ पानी र सरसफाई** सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने । | |  |

| | | |
|---|---|---|
| **७. किफायति र विश्वासनीय उर्जाः** सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने । | |  |
| ८. **आर्थिक वृद्धि र मर्यादित कामः** भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि, तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने । | |  |
| ९. **उद्योग, खोज र पूर्वाधारः** उत्थानशील पूर्वाधारहरूको निर्माण गर्ने, समावेशी र दिगो औद्योगिकरणलाई प्रवर्धन गर्ने र नविन खोजलाइ प्रोत्साहन गर्ने । | |  |
| **१०. असमानताको न्यूनिकरणः** मुलुकभित्र तथा मुलुकहरूबीचको असमानतालाई घटाउने | |  |
| ११. **दिगो सहर र समुदायः** सहर तथा मानव वसोवासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । | |  |

| | | |
|---|---|---|
| १२. **दिगो उपभोग र उत्पादनः** दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने | |  |
| १३. **जलवायू सम्बन्धी कार्यः** जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रणका लागि तत्काल पहल सुरू गर्ने | |  |
| १४. **जल जीवनः** दिगो विकासका लागि महासागर, समुन्द्र र सामुन्द्रिक साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने । | |  |
| **१५. स्थलीय जीवनः** स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, बनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण र भू-क्षय रोक्ने, जैविक विविधताको संरक्षण गर्ने । | |  |
| १६. **शान्ति, न्याय र सक्षम निकायहरूः** दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने, सबै तहमा समावेशी, जबाफदेही र प्रभावकारी संस्थाहरूको निर्माण गर्ने । | |  |

**१७. दिगो विकासको लागि साझेदारीः** दिगो विकासको लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि साधन र स्रोत सुनिश्चित गर्ने ।

## दिगो विकास लक्ष कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता

नेपाल सरकारले दिगो विकासको कार्यान्वयनको लागि राष्ट्रिय मार्गचित्र २०१६-२०३० बनाइसकेको छ जसले नेपाललाइ २०३० सम्ममा मध्यम आय भएको **न्यायपूर्ण र समृद्ध** मुलुक बनाउने परिकल्पना गरेको छ । दिगो विकास लक्षका विश्वव्यापी २३४ सूचकहरूमा नेपाल सरकारले स्थानीय आवश्यकतालाई मध्यनजर गरी अरू २४५ सूचक थप गरेर जम्मा ४७९ सूचकहरू बनाएको छ । राष्ट्रिय योजना आयोगले दिगो विकासको कार्यान्वयनलाई मध्यनजर गर्दै राष्ट्रिय आकांक्षाहरू समेतको पन्ध्रौं योजना तयार गर्नुका साथै दिगो विकास लक्षको कार्यान्वयनको प्रभावकारी **अनुगमन गर्न विभिन्न तहमा संरचनाहरू** निर्माण गरिसकेको छ । यो योजनाको कार्यान्वयनको लागि संघीय देखी स्थानीय तहसम्मै सरकारहरूलाई जिम्मेवार बनाइएको छ । यसको लागि समन्वय गर्न संघीय तहमा राष्ट्रिय योजना आयोग, प्रदेश तहमा प्रदेश योजना आयोग (नीति आयोग) र स्थानीय तहमा स्थानीय पालिकाहरु रहेका छन् ।

बागमती प्रदेश सरकारले दिगो विकास लक्षको लागि प्रदेशको अवस्था मुल्याङ्कन गरी प्रदेश स्तरीय मार्गचित्र तय गरेको छ । यस मार्गचित्रले दिगो विकास लक्षको कार्यान्वयनका लागि तीनवटा मुख्य रणनीतिहरू अगाडी सारेको छ । पहिलो रणनीति अनुसार योजना तथा बजेट निर्माण प्रणालीमा नियमित रूपमा दिगो विकासका लक्ष्यहरूको समावेश गर्ने, दोस्रो रणनीति अनुसार स्थानीय सरकारका कामहरूमा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने र तेस्रो रणनीतिमा अनुमगन, मुल्याङ्कन तथा नियमित पृष्ठपोषण प्रणालीको विकास गर्ने भन्ने रहेको छ[2] । यस मार्गचित्रले पनि दिगो विकास लक्षको स्थानीयकरणलाई महत्व दिएको देखिन्छ ।

## दिगो विकासका लक्षहरूको कार्यान्वयनमा स्थानीय तहको भूमिका

[2] Sustainable Development Goals (SDGs), Status and Roadmap of Bagmati Province. Bagmati Province Government, Province Policy and Planning Commission 2020.

नेपालको संविधानले स्थानीय तहलाई **जनताका दैनिक सरोकारका विषय** र सेवासुविधाहरूप्रदान गर्ने सन्दर्भमा  सबैभन्दा धेरै अधिकारहरू दिएको छ । जनताका दैनिक सरोकार र उनीहरूलाई राज्यले प्रदान गर्नुपर्ने सार्वजनिक सेवा, प्राथमिक तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगार, स्थानीय तहका भौतिक तथा अन्य पूर्वाधार विकास, स्थानीय सुरक्षा, स्थानीय तहको सांस्कृतिक विकास, खानेपानी, सरसफाई, कृषिको विकास जस्ता विषयहरू सबै स्थानीय तहको जिम्मेवारी अन्तर्गत पर्छन् । यसैगरी सामाजिक समावेशीकरणसँग जोडिएका महिला, बालबालिका, दलित, जनजाती, आदिवासी, मधेशी, यौनिक तथा लैंगिक अल्प संख्यक, ज्येष्ठ नागरिक, यूवा,  अपाङ्गता भएका व्यक्ति सबैका सवालहरूलाई स्थानीय तहमा संबोधन गर्ने जिम्मेवारी पनि स्थानीय तहको नै हो । तसर्थ दिगो विकासका प्रतिफलहरूबाट स्थानीय जनतालाई लाभान्वित गराउने काममा स्थानीय सरकार र सरोकारवाला सबैको भूमिका निकै महत्वपूर्ण रहन्छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई मुख्य रूपमा पाँच वटा विकासका क्षेत्रहरू क्रमशः आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरणीय विकास र संस्थागत विकास एवम शुसासन गरी पाँच क्षेत्रमा काम गर्ने प्रष्ट जिम्मेवारी र अधिकारहरू प्रदान गरेको छ । स्थानीय तहले स्थानीय तहको विकासको लागि योजनाहरू तर्जुमा यिनै विभिन्न  क्षेत्रहरूसँग सम्बन्धित विषयगत समितिहरू निर्माण गरी  गरिरहेका उदाहरणहरू पनि छन् । दिगो विकास लक्ष्यहरूले पनि यिनै क्षेत्रहरूलाई अलि व्यापक रूपमा समेट्ने भएको हुनाले स्थानीय विकासका योजनाहरूमा विभिन्न विषयगत समितिले गर्ने विकासका कामहरूमा दिगो विकास लक्ष्यलाई राम्रो सँग समेट्न सकिन्छ र समेट्न जरूरी छ ।

## स्थानीय तहका लागि संविधानको अनुसूची ८ ले दिएका अधिकारहरूसँग  दिगो विकास लक्ष्यहरूको अन्तरसम्बन्ध

स्थानीय तहलाई संविधानले दिएका अधिकार र जिम्मेवारीहरूप्रत्यक्ष  र परोक्ष रूपमा दिगो विकासका विभिन्न लक्षहरूसँग सम्बन्धित छन् । संविधानले दिएका कुन कुन अधिकारहरू दिगो विकासका कुन कुन लक्षसँग सम्बन्ध राख्छन् भन्ने कुरा तलको तालिकामा उल्लेख गरिएको छ[3] ।

[3] दिगो विकास लक्षको स्थानीयकरण, गाउँपालिका र नगरपालिकाको आवधिक योजना र बजेटमा दिगो विकासका लक्षलाई आन्तरिकिकरण गर्ने दिग्दर्शन २०७६, राष्ट्रिय योजना आयोगमा उल्लेख गरिएकोलाइ आधार मानिएको ।

| क्रम | विकासका मुख्य क्षेत्रहरू | संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहका अधिकारहरू | अनुसूची ८ का अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरू |
|---|---|---|---|
| १ | आर्थिक विकास | १०. स्थानीय बजार, ११. ग्रामिण सडक, कृषी सडक तथा सिचाइ १५. कृषि तथा पशुपालन, १८. कृषि उत्पादन व्यवस्थापन, संचालन र नियन्त्रण प्रशारको व्यवस्था सहकारी संस्था | १. सबै प्रकारको गरिवीको अन्त्य गर्ने २. भोकमरीको अन्त्य गर्ने १०. मुलुक भित्र असमानता हटाउने ८. मर्यादित काम तथा आर्थिक विकास |
| २ | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा ९. आधारभूत स्वास्थ्य, सरसफाइ, ढल निकास १९. खानेपानी २२. भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू १७. बेरोजगारको तथ्याङ्क संकलन | ४.सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा ३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन ६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता ५. लैंगिक समानता हासिल गर्ने । |
| ३ | पूर्वाधार विकास | ७. स्थानीय स्तरका विकास आयोजना र परियोजनाहरू ११. स्थानीय सडक १४. घरजग्गा धनीपूर्जा बितरण १९. साना जलबिद्युत आयोजना, बैकल्पिक उर्जा | ९. उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगिकरण, खोज ११. समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोवास ७. धान्न सक्ने तथा सफा उर्जा |
| ४ | बातावरणको व्यवस्थापन | १०. वातावरण संरक्षण र जैबिक विविधता २१. जलाधार, शिमसार, बन्य जन्तु, खानी तथा खनिज पदार्थ ९. सरसफाइ (फोहरमैला व्यवस्थापन) २०. विपद व्यवस्थापन | १२. दिगो उपभोग र उत्पादन प्रणाली १३. जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण |
| ५ | संस्थागत विकास, | १२. गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, | १६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको |

| | | | |
|---|---|---|---|
| | शुसासन | मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ४. स्थानीय कर ५. स्थानीय सेवाको व्यवस्थापन ६. स्थानीय तथ्याङ्क र अभिलेख संकलन १३. स्थानीय अभिलेख व्यवस्थापन ३. एफ.एम. रेडियो संचालन, १. नगर प्रहरी | प्रवर्धन गर्ने १७. लक्ष हासिलका लागि साझेदारी । |

## दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्य संघीय चासोको मात्र विषय होइन । दैनिक जनसरोकारका विषय, शान्ति सुरक्षा, सेवा सुविधाहरूमा पहुँच, आधारभूत शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय रोजगारी, स्थानीय तहका तथ्याङ्क र सूचनाहरू लगायत धेरै विषयहरू स्थानीय सरकारको जिम्मेवारी अन्तर्गत पर्ने भएको हुनाले उक्त विषयहरूसँग सम्बन्धित दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहको भूमिका नै सबैभन्दा महत्वपूर्ण हुन्छ । स्थानीय निकायका पूर्वाधार विकासका योजनाहरू सबै दिगो विकासको लक्षसँग नै जोडिएका हुन्छन् । दिगो विकासको सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको भूमिका अलग अलग हुन्छ तर स्थानीय पालिकाहरूमा लक्ष्यहरू कार्यान्वयन हुन सकेनन् भने त्यसको प्रत्यक्ष नकारात्मक असर राष्ट्रिय लक्षहरूमा नै पर्छ । तसर्थ दिगो विकासका लक्ष्यहरूलाई हरेक गाउँ तथा नगरपालिकाहरूले आवधिक र बार्षिक योजनाहरूमा समेट्नुपर्छ र स्थानीय तहमा विकासका लक्ष्यहरू तय गर्दा दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई योगदान गर्ने गरि गर्नुपर्छ । दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नु भनेको यसका लक्ष्यहरू हासिल गर्ने कार्यमा स्थानीय निकायहरू मात्र जिम्मेवार हुनु भन्ने नभएर यसका लक्ष्यहरू हासिल गर्न स्थानीय र प्रदेश अनि स्थानीय र संघीय सरकारबीचमा दिगो विकास लक्ष हासिल गर्न समन्वय र सहकार्य स्थापित गर्नुपनि हो [4]। आम नागरिकको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सबै खाले विकासका कामहरू स्थानीय पालिकासँग नै जोडिने हुनाले दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न स्थानीय सरकारको सबैभन्दा धेरै भूमिका हुने हुनाले पनि स्थानीय तहमा यसको स्थानीयकरण जरूरी छ ।

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ ले सार्वजनिक सेवाका सबै कामहरू गर्ने अधिकार स्थानीय तहलाई दिएको छ र ति सार्वजनिक सेवासँग सम्बन्धित कामहरू दिगो विकासका

[4] दिगो विकास लक्षको स्थानीयकरण, गाउँपालिका र नगरपालिकाको आवधिक योजना र बजेटमा दिगो विकासका लक्षलाई आन्तरिकिकरण गर्ने दिग्दर्शन २०७६, राष्ट्रिय योजना आयोगमा उल्लेख गरिएकोलाइ आधार मानिएको ।

लक्षहरूसँग सम्बन्धित छन् । त्यसैले सार्वजनिक सेवालाई जनमुखी र प्रभावकारी बनाउन स्थानीय तहले दिगो विकास लक्ष्यलाई आधार बनाएर सार्वजनिक सेवाका योजनाहरू तर्जुमा गर्नुपर्छ ।

कसैलाइ पनि पछि नपार्ने (Leave No One Behind) दिगो विकासको मुख्य उद्देश्य हो । यो उद्देश्य पुरा गर्नको लागि जनतासँग सरकारले एकदमै नजिक रहेर काम गर्नुपर्छ र सबैका लागि उपयुक्त योजना बनाउन सहि सूचना र तथ्यांकको जरूरी हुन्छ । यि कामहरूको लागि स्थानीय सरकारभन्दा अर्को कुनै विकल्प हुँदैन । स्थानीय स्रोत साधनको दिगो परिचालन र समावेशी विकास दिगो विकास लक्षको अर्को महत्वपूर्ण पाटो हो । यसका लागि स्थानीय स्तरमा जन परिचालन र सबैको समान सहभागिता जरूरी हुन्छ र यसका लागि स्थानीय सरकारकै भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ ।

## फिक्कल गाउँपालिका भित्रका विकासका प्रमुख समस्याहरूको विश्लेषण

फिक्कल गाउँपालिकाको विकासका समस्या र संभावनाहरूलाई विभिन्न विधिहरूबाट विश्लेषण गरिएको छ । प्रारम्भिक सूचनाहरू गाउँपालिकाको वेवसाइटमा भएका दस्तावेज र प्रकाशित समाचारबाट लिइएको छ भने सोहि आधारमा अध्ययनकर्ताद्वारा स्वयमले स्थलगत अवलोकन गरी गाउँपालिकाका अधिकारीहरूसँगको प्रत्यक्ष छलफलबाट सूचनाहरू संकलन गरिएको छ । यसैगरी पालिकाका विभिन्न विज्ञ, समाजसेवी लगायत सरोकारवालाहरूसँग अन्तरवार्ताहरू लिई पालिकाको विषयमा थप सूचना र जानकारीहरू हासिल गरिएको छ । अवलोकन गरेर र दोस्रो विधिमा विभिन्न सरोकारवाला, विज्ञ र गाउँ पालिकाकै जनप्रतिनिधि र कर्मचारीहरूसँगको छलफल र अन्तरवार्ता गरेर समस्याहरू पहिचान गर्ने प्रयास गरिएको छ । विभिन्न सूचनाहरूका आधारमा पालिकाका समस्याहरूलाई विकासका विभिन्न क्षेत्रहरूसँग जोडेर विश्लेषण गरिएको छ ।

### क) सामाजिक विकास सँग जोडिएका समस्याहरू

***शिक्षाः*** नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । यसकारण यो सबैका लागि अनिवार्य, गुणस्तरीय, सुलभ र सहज हुनुपर्छ । नेपालको संविधानले माध्यामिक तहसम्मको शिक्षा निःशुल्क दिनुपर्ने भनेको छ । फिक्कल गाउँपालिकामा माध्यामिक तहको शिक्षा दिने विद्यालयहरूको संख्या तुलनात्मक रूपमा राम्रो र भौतिक सुविधामा सुधार भएको भएतापनि प्राथमिक तहको शिक्षा दिने विद्यालयहरू पर्याप्त छैनन् र भौतिक सुविधा पर्याप्त छैन । त्यसैगरी गाउँपालिकाभित्र व्यावसायिक तथा प्राविधिक शिक्षा दिने विद्यालयहरू उपलब्ध छैनन् । धेरैजसोसीमान्तकृत समुदायका बालबालिकाहरू,

अपाङ्गता भएका बालबालिकाहरू र अन्य बालबालिकाहरू अझैपनि विद्यालयको पहुँचबाट बाहिर रहेका छन् । विद्यालयहरू भौतिक रूपमा अपङ्गता भएका बालबालिकाहरू लगायत सबै प्रकृतिका बालबालिकाहरूका लागि मैत्रीपूर्ण छैनन र शिक्षण सिकाइ पददतिलाइ पनि अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता अनुसार पूर्ण रूपमा समावेशी बनाउन सकिएको छैन ।

वि.सं. २०७९  सालमा फिक्कल गाउँ पालिकाबाट अध्यावधिक गरिएको तथ्याङ्क अनुसार फिक्कल गाउँ पालिकामा ३६ वटा प्राथामिक, ६ वटा निम्न माध्यमिक र १२ वटा माध्यमिक गरी जम्मा ५४ वटा सामुदायिक बिधालय र ७ वटा उच्च माध्यमिक बिधालय गरहेका छन् । यसैगरी विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीको संख्या प्रथामिक बिधालयमा २५८९, निम्न माध्यमिक बिधालयमा १४५२, माध्यमिक बिधालयमा ८४६, बलाबिकास मा ५३६ र उच्च माध्यमिक बिधालयमा ५६९  रहेको छ ।

तर गाउँपालिकाभित्र रहेका सरकारी अनुदानबाट संचालित सामुदायिक विद्यालयहरूको अवस्था नीजि विद्यालयहरूको तुलनामा नाजुक छ । बदलिँदो आवश्यकता अनुसारको पूर्वाधार, सुविधा र मानव स्रोतको अभावमा विद्यालयहरूले गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकेका छैनन् [5] । गुणस्तरीय शिक्षाको अभावमा विद्यार्थीहरू सामुदायिक विद्यालय छोडेर महँगो शुल्क तिरेर नीजि विद्यालय र सहरतिर जान बाध्य छन् । विद्यालयका शिक्षकले आफूलाई समयअनुसार परिवर्तन गर्न सकेका छैनन् भने  पठनपाठन विधि पनि नयाँ र बदलिँदो आवश्यकता अनुसार अध्यावधिक भएको छैन । बजेटको अपर्याप्तता लगायतका समस्या छन्  । यि समस्याबाट  विद्यार्थीहरूको विद्यालय छोड्ने दरमा देखिएको बृद्धिलाई घटाउने तर्फ विशेष ध्यान दिनु पर्नेछ ।

***स्वास्थ्य र सरसफाईः*** स्वास्थ्य र सरसफाई मानिसको लागि सबैभन्दा मुख्य अधिकार हो । गाउँपालिकामा बसोवास गर्ने हरेक पालिकावासीहरु स्वस्थ रहनु पर

छ  र आधारभूत स्वास्थ्य सेवामा उनीहरूको निःशुल्क पहुँच स्थापित हुनुपर्छ । हरेक नागरिकले स्वच्छ पानी पिउन पाउनुपर्छ र उनीहरू बस्ने वातावरण सफा हुनुपर्छ । आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनुपर्छ किनकि नागरिकलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारको कर्तव्य हो र यसको लागि पालिकामा  सामुदायिक अस्पताल,

[5] फिक्कल गाउँपालिका कर्मचारी, जनप्रतिनिधिसँगको कुराकानी र कार्यालयले उपलब्ध गराएका प्रतिवेदन र विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरूमा आधारित ।

स्वास्थ्य चौकीहरूले उपलब्ध गराउने सेवा स्तरीय, प्रभावकारी र पर्याप्त हुनुपर्छ । सार्वजनिक स्वास्थ्य सँग सम्बन्धित ग्रामिण सरसफाई, उपभोग्य वस्तुहरूको गुणस्तर, महामारी नियन्त्रण र रोकथाम, प्रदुषण नियन्त्रण जस्ता विषयहरूमा संवेदनशिल हुनुपर्ने दायित्व स्थानीय सरकार र नागरिक दुवैको हो । तर फिक्कल गाउँपालिकामा स्वास्थ्यसंग सम्बन्धित यि कुराहरू पर्याप्त रूपमा व्यवस्थित भइसकेका छैनन् । हालसालै गाउँमा ५५ सैयाको अस्पताल निर्माण भएको भएतापनि सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पर्याप्त पहुँच पुगेको छैन र स्थानीय स्वास्थ्य संस्थाहरूले दिने सेवाहरू पनि पर्याप्त र गुणस्तरीय छैनन् । यस क्षेत्रमा पूर्वाधारको विकास पर्याप्त भएको छैन । फिक्कल गाउँपालिकामा सरकारी स्वास्थ्य चौकी जम्मा ६ वटा रहेका छन् । यहाँ उपलव्ध स्वास्थ्य उपचारको सेवा सुविधा अझै गुणस्तरफय हुन नसकेको कारणले गर्दा यहाँका वासिन्दाहरू कुनै सामान्य रोग लाग्दा पनि धेरै रकम तिरेर सदरमुकाम वा काठमाण्डौ नै उपचरार्थ गर्न जानु पर्ने बाध्यता रहेको छ । स्थानीय स्वास्थ्य चौकी र अस्पतालहरूमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको लागि नियमित चाहिने स्वास्थ्य तथा पुनर्स्थापना सेवा, परामर्श, थेरापी तथा रेफरल सेवाहरू उपबल्ध छैनन् । कतिपय अवस्थामा सामान्य रोग पनि पहिचान हुन नसकेर नागरिकले अकालमा ज्यान गुमाउन परेको अवस्था रहेको छ ।

फिक्कल गाउँपालिकामा जम्मा एउटा मात्र सार्वजनिक शौचालय छ तर वडागत रूपमा यस्ता सार्वजनिक शौचालयहरूको संख्या पर्याप्त छैन[6] । सार्वजनिक स्वास्थ्यको दृष्टिकोणबाट हेर्दा सार्वजनिक शौचालयको संख्या पर्याप्त नहुनु राम्रो होइन । बनेका सार्वजनिक शौचालयहरू सबैका लागि मैत्रीपूर्ण र पहुँचयुक्त छैनन साथै रेखदेख तथा संचालन पनि गुणस्तरीय र प्रभावकारी छैन । खानेपानीको प्रयोगको अवस्थालाई हेर्ने हो भने ४४१५ जनाको मात्र शुद्ध पिउने पानीमा पहुँच भएको देखिन्छ जुन कुल जनसंख्याको २६.०२ प्रतिशत मात्र हो ।

***रोजगारीः*** फिक्कल गाउँपालिका पर्यटन, कृषि पर्यटन साना मझौला तथा घरेलु उद्योग लगायतका क्षेत्रमा रोजगारीको संभावना भएको गाउँपालिका हो । गाउँपालिकामा दर्ता भएका सहकारीको संख्या २६ रहेको छ । तर पनि स्थानीय स्तरमा रोजगारीका पर्याप्त संभावनाहरू बोकेको पालिका हुँदाहुँदै पनि यूवाहरूको सशक्तिकरण र रोजगारी प्रवर्धनका लागि खासै ठोस योजनाहरू गाउँपालिकासँग छैनन् । यूवाहरूमा बेरोजगारी बढ्दो अवस्थामा छ जसको कारण विदेश पलायन हुनेहरूको संख्या अत्याधिक मात्रामा रहेको छ । यसरी

[6] फिक्कल गाउँपालिकाका कर्मचारीसँगको कुराकानी र उपलब्ध गराएको सार्वजनिक सौचालयको संख्या र विवरण सम्बन्धी प्रतिवेदनमा आधारित ।

विदेश पलायन हुने जनशक्तिको दक्षाता र क्षमतालाई गाउँ पालिकामा स्वउधम उधमशिलाता वा अन्य रोजगारीका क्षेत्रमा कसरी संलग्न गराई अगाडी बढाउन सकिन्छ भन्ने बारेमा ठोस अधययन भई सो अनुसार कार्य गर्न वा रोजगारीका सम्भाव्यतालाई खोजि गर्न नसकिरहेको अवस्था रहेको छ ।

***सामाजिक सुरक्षाः*** सामाजिक सुरक्षा प्राप्त गर्ने सवै नागरिकको मौलिक मानव अधिकार हो किनभने नागरिकले राज्यलाई कर तिरेका हुन्छन् । राज्यले आम नागरिकलाई कुनै न कुनै रूपमा सामाजिक सुरक्षाको अधिकार उपयोग गर्ने अवसर सुनिश्चित गर्नुपर्छ । नेपालको संविधान २०७२ को धारा ४१ ले जेष्ठ नागरिकलाई सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । यसै गरी धारा ४२ को ५ मा शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्दा द्वन्द पीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हकको व्यवस्था गरिएको छ । संविधानको धारा ४३ मा सामाजिक सुरक्षाको हकको छुट्टै व्यवस्था गरिएको छ जस अनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकहरूलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने भनिएको छ । फिक्कल गाउँपालिकाको हकमा चर्चा गर्दा यस पालिकाको क्षेत्रभित्र रहेका नागरिकहरूको सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, बालबालिका सुरक्षा भत्ता, अपाङ्गता भत्ता, ज्येष्ठ नागरिक औषधी उपचार भत्ता जस्ता कार्यक्रमहरू संचालन गर्दै आएको छ । तर सामाजिक सुरक्षासँग जोडिएको भत्ता वितरणका कार्यक्रमहरूबाहेक लक्षित समुहका लागि अरू प्रभावकारी सामाजिक सरक्षाका कार्यक्रमहरू गाउँ पालिकामा संचालन हुन सकेका छैनन् । यस्ता प्रकारका सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरूबाट लाभान्वित हुनुपर्नेहरूमा एकदमै विपन्न, वेवारिसे वा अनाथ व्यक्ति, अपाङ्गता भएका व्यक्तिहरू पनि पर्छन् । उनीहरूका लागि सार्वजनिक सेवामा पहुँच स्थापना गर्नेदेखि लिएर, उनीहरूका लागि चाहिने सहायक सामग्री, सहयोगी सेवा र दैनिक जीवनयापनलाई सहज बनाउन विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन हुन सकेका छैनन् ।

***सामाजिक असमानताः*** समाजमा धनि र गरिब बीचको खाडल ठूलो छ । लिंङ्ग, जात, भूगोल, गरिबी, आदीवासी जनजाती अपाङ्गता आदिका आधारमा गरिने सामाजिक विभेदको कारण

सामाजिक असमानता चर्को छ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्तिहरू, गरिब तथा बिपन्न वर्गका मानिसहरू समाजमा सीमान्तकृत वर्गको रूपमा सेवा सुविधा र अधिकारबिहीन भएर रहन बाध्य छन् । सामाजिक कुरीतीहरू र पुरातन धार्मिक तथा सांस्कृतिक अंधविश्वासहरूको कारण समाजमा विभिन्न प्रकारका असमानताहरू कायम छन् ।

**ख) आर्थिक विकाससँग जोडिएका समस्याहरू**

फिक्कल गाउँपालिका कृषी, हस्तकला, पर्यटन र जडीवुटीबाट पर्याप्त आर्थिक उपार्जन गर्न सक्ने संभावना बोकेको गाउँपालिका हो । तर यस गाउँपालिकाले यि क्षेत्रहरूको व्यापक परिचालन गरी पर्याप्त आर्थिक विकास गर्न सकेको छैन । कृषीको विकासका लागि व्यवस्थित र नियमित सिंचाइ सबैभन्दा मुख्य कुरा हो तर गाउँपालिकाले यस विषयमा दिगो योजना निर्माण गरी लगानी गर्न नसक्दा कृषीबाट लिन सक्ने लाभ गाउँपालिकाका जनताले पर्याप्त लिन सकेका छैनन । गाउँमै आर्थिक विकासका योजना निर्माण गरी परिचालन गर्न सकिने यूवा जनशक्ति दिनहुँ विदेश पलायन भैरहेका छन् । माथी उल्लेखित क्षेत्रहरूको संभावना अध्ययन गरि दीर्घकालिन योजना निर्माण गरि काम थालिएको छैन जसले गर्दा गाउँको आर्थिक विकास हुन सकेको छैन । सांस्कृतिक पर्यटनको माध्यमबाट धेरै आर्थिक उपार्जन गर्न सकिने संभावनाहरू हुँदाहुँदै पनि पर्यटनलाई संगठित, व्यवस्थित र व्यावसायिक बनाउनेतर्फ प्रभावकारी योजनाहरू बन्न सकेका छैनन् । यसैगरि बैज्ञानिक तथा आधुनिक कृषी उत्पादन गर्न सकिने संभावनाहरू धेरै हुँदाहुँदैपनि यस क्षेत्रमा गाउँपालिकाले लगानी गर्न सकेको छैन । गाउँपालिकामा रहेका धेरैजसो मानिसहरू गरिबीको अवस्थामा छन् । गरिवी निवारणको लागि र जनताको जीवनस्तर उकास्नको लागि लक्षित दीर्घकालिन तथा योजनावद्ध कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।

**ग) पूर्वाधार र वातावरणीय विकाससँग जोडिएका समस्याहरू**

सबैका लागि पहुँचयुक्त सडक तथा संचार, दिगो विद्युत वा उर्जा, जनमैत्री यातायात, दिगो, सुरक्षित, समावेशी तथा उत्थानशील संरचनाहरू भौतिक विकासका मुख्य पूर्वाधार हुन । स्वच्छ, सन्तुलित र दिगो बातावरण मानव जीवनको समग्र विकासको अर्को मुख्य पूर्वाधार हो । **फिक्कल गाउँपालिकाको सन्दर्भमा विकासका पूर्वाधारहरूमा भर्खरै केही गर्न जमर्को गर्दै गरेको अवस्था हो** । पालिका भित्र ट्र्याक खोलेको, ग्रावेल र पक्की गरि जम्मा ३०० किलोमिटर सडक संजाल रहेको छ भने कुल सडक सञ्जालमा जम्मा ५०० मिटर मात्रै

कालोपेत्रे पिच सडक रहेको छ । सवै स्थानमा पक्कि सडक हुन नसकेपनी पालिकाका कतिपय स्थानमा कच्ची सडक पुगेको देखिन्छ तर सबै ठाउँमा पुगेका सडक सुरक्षित, सहज र व्यवस्थित बन्न सकेका छैनन् । सडकहरू अव्यवस्थित र कच्ची भएको हुनाले वर्खा याममा सबै भत्कने, विग्रने र हिँडडुलमा असजिलो र जोखिमयुक्त हुने हुन्छ । सडक पूर्वाधार दिगो नभएका कारण यसमा बर्षेनी धेरै मर्मत खर्च समेत खेर गैरहेको छ । अधिकांश सडक, मार्ग तथा गल्लीहरू कालोपत्रे हुन सकेका छैनन । अधुरा, अपुरा, धुलो र हिलोयुक्त र धेरै साँघुरा सडक तथा ट्र्याकहरु पालिकावासीहरूको लागि सहजता र सुरक्षाको दृष्टिले निकै चुनौतिपूर्ण छन् । हरेक यात्रा निकै कठिन छ । कतिबेला को कुन दुर्घटनामा परि जीवन नै समाप्त गर्दछ भन्ने अवस्था छ । गाउँको लागि सुविधा सम्पन्न र सबैको लागि मैत्रीपूर्ण सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सकिएको छैन । गाउँपालिकाको सबै ठाउँमा पर्याप्त मात्रामा विद्युत आपूर्ति हुन सकेको छैन भने इन्टरनेट सेवालाइ दिगो र प्रभावकारी बनाउन सकिएको छैन । सार्वजनिक स्थलहरू ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका लगायतका लागि पूर्णरूपमा पहुँचयुक्त छैनन् भने भौतिक संरचनाहरू सुरक्षित र उत्थानशिल छैनन् । सार्वजनिक तथा नीजि संरचनाहरूलाई भूकम्प लगायत अन्य विपद् प्रतिरोधी बनाउने काममा केही प्रयासहरू भएतापनि योजनावद्ध ढंगबाट मापदण्डहरूको राम्रोसँग पालना भएको नभएको हेर्ने, यस विषयमा जनचेतना जगाउने कामहरू हुन सकेका छैनन् । विद्यालय, अस्पताल, स्वास्थ्य चौकीहरू अपर्याप्त छन् । सबैका लागि पहुँचयुक्त र सहज हुनेगरि सार्वजनिक शौचालयहरू निर्माण गर्न सकिएको छैन । बातावरणलाई ध्यान नदिइकनै जथाभावी सडक वा भौतिक संरचना निर्माण गर्ने गर्दा पानीका मुहानहरू पनि सुक्न थालेका छन् । यसले गर्दा पकृति र पर्यावरणीय संरक्षणका दृष्टिले झनै चुनौति थपिएको छ ।

फिक्कल गाउँपालिकाका ३२०० घरधुरीमा विद्यु आपूर्ति छ जसमध्ये २०० घरधुरीले राष्ट्रिय प्रशारण अन्तर्गतको विद्युत उपयोग गर्छन भने ३००० घरधुरीले लघु जलविद्युत आयोजनाबाट आपूर्ति भएको विद्युत उपयोग गर्छन् । तर पनि अझै ८२८ घरधुरीमा विद्युत आपूर्ति हुन सकेको छैन । यसैगरि वातावरण संरक्षण आजको विश्वको मुख्य मुद्दा भएतापनि फिक्कल गाउँपालिकामा वातावरणीय विकास र संरक्षण सम्बन्धी कुनै ठोस कार्यक्रमहरू सञ्चालनमा छैनन् ।

**दिगो विकास लक्ष र फिक्कल गाउँपालिकाका सवालहरू :**

दिगो बिकासका लक्षहरुसंग तुलना गरी हेर्दा फिक्कल गाउँ पालिकाका मुख्य सवालहरु निम्न अनुसार रहेका छन् ।

| **क्रम** | **विकासका मुख्य क्षेत्रहरू** | **संविधानको अनुसूची ८ का अधिकारसँग मेल खाने दिगो विकास लक्ष्यहरू** | **फिक्कल गाउँपालिकाका विकासका सबालहरू** |
|---|---|---|---|
| १ | आर्थिक विकास | १. सबै प्रकारको गरिवीको अन्त्य गर्ने<br>२. भोकमरीको अन्त्य गर्ने<br>१०. मुलुक भित्र असमानता हटाउने<br>८. मर्यादित काम तथा आर्थिक विकास | गाउँपालिकामा गरिवीको अवस्थामा र गरिवीको रेखामुनि रहेका नागरिकहरूको पहिचान गरि उनीहरूको आर्थिक उपार्जन र गरिवी निवारण । |
| | | | गाउँपालिकामा भोकमरीको अवस्थामा रहेका असहाय, अशक्त र वेसाहारा नागरिक, अनाथ वा सडक बालबालिकाहरूको पहिचान, उचित व्यवस्थापन र भोकै रहनुपर्ने अवस्थाबाट मुक्ति । गाउँभित्र हुने कृषी तथा औद्योगिक कार्यको प्रोत्साहन । |
| | | | गाउँपालिकामा विद्यमान आर्थिक, जातीय, लैंगिक लगायत अन्य प्रकारका असमानताहरूको न्यूनिकरण । |
| | | | पर्यटन, उद्योग र कृषीमा सुधार तथा लगानी । यूवाहरूका लागि रोजगारी तथा स्वरोजगारी । कृषिमा सिंचाइको व्यवस्था |
| २ | सामाजिक | ४.सबैका लागि समावेशी तथा | सामुदायिक विद्यालयहरूको |

| | | | |
|---|---|---|---|
| | विकास | समतामुलक गुणस्तरीय शिक्षा<br>३. सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन<br>६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता<br>५. लैंगिक समानता हासिल गर्ने । | स्तरोन्नति, सामुदायिक विद्यालयहरूमा सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता, शैक्षिक संस्थाहरूमा अपाङ्गता भएका बालबालिका लगायत सबै खाले विद्यार्थीहरूको समान पहुँच, विभेदको अन्त्य, शैक्षिक पूर्वाधारमा योजनाबद्ध विकास र मानवस्रोतको क्षमता विकास । |
| | | | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, विपन्न तथा गरिवीको अवस्थामा रहेकाहरूका लागि विशेष व्यवस्था सहित सबै गाउँबासीलाई न्युनतम आधारभूत स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच |
| | | | गाउँक्षेत्रको सरसफाई, फोहरमैलाको उचित व्यवस्थापन र सबै गाउँपालिका बासीहरूलाई नियमित रूपमा शुद्ध पिउने पानीको आपूर्ति । अन्य सरसफाइको लागि चाहीने पानीको नियमित आपूर्ति । ढल व्यवस्थापन |
| | | | गाउँक्षेत्रभित्र परिवार, समुदाय र सार्वजनिक क्षेत्रमा महिला, किशोर किशोरीहरू र यौनिक तथा लैंगिक अल्पसंख्यकमाथि हुने लैंगिक भेदभावहरूको अन्त्य । |
| ३ | पूर्वाधार | ९. उत्थानशील पूर्वाधार, समावेशी र दिगो औद्योगिकरण, | गाउँ क्षेत्रका सडक, यातायात सेवा र सार्वजनिक स्थलहरूलाई सबैका |

| | | | |
|---|---|---|---|
| | विकास | खोज<br>११. समावेशी, सुरक्षित, उत्थानशील र दिगो सहर तथा मानव बसोवास<br>७. धान्न सक्ने तथा सफा उर्जा | लागि सहज, पहुँचयुक्त र सुरक्षित बनाउनुपर्ने । गाउँ क्षेत्रका लागि चाहिने पूर्वाधार विकासका सवालहरूमा खोज र अनुसंधानहरू गर्नुपर्ने । |
| | | | सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र संपदाहरूको संरक्षण, जिर्णोद्वार, पुननिर्माण, सबैको लागि पहुँचयुक्त र सुरक्षित सार्वजनिक स्थल । |
| | | | नविकरणीय उर्जाको प्रवर्धन, विद्युतको नियमित आपूर्तिको सुनिश्चितता, पटक पटक भैरहने विद्युत कटौतिको अन्त्य र विद्युत चुहाबटको अन्त्य । विद्युत सेवा पुग्न नसकेका स्थानहरूमा विद्युत आपूर्ति |
| ४ | बातावरणको व्यवस्थापन | १२. दिगो उपभोग र उत्पादन प्रणाली १३. जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण १४. जलजन्तुको संरक्षण १५. स्थलीय जीव जन्तुको संरक्षण | खाद्यपदार्थको दिगो र प्रभावकारी संरक्षण, अनावश्यक उपभोगलाई निरूत्साहित गर्ने |
| | | | सुरूवातदेखि नै वायू प्रदुषण बढ्न नदिने उपाय लगाउने, फोहरमैलाको उचित व्यवस्थापन गर्ने । गाउँक्षेत्रमा रहेका बनजंगल, बन्यजन्तु, पोखरी, ताल तलैया, सिमसारको संरक्षण गर्ने |
| ५ | संस्थागत विकास, | १६. दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको | महिला, बालवालिका, दलित र अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने |

| | | | |
|---|---|---|---|
| | शुसासन | प्रवर्धन गर्ने<br>१७. लक्ष हासिलका लागि साझेदारी । | हिंसा न्युनिकरण, सीमान्तकृत समुदायको न्यायमा पहुँच, भ्रष्टाचार र घुसखोरिको अन्त्य, निर्णय प्रकृयामा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता, सूचनामा सबैको पहुँच । |

## फिक्कल गाउँपालिकाको दिगो विकास लक्ष स्थानीयकरणको बृहत उद्देश्य

यो योजनाको बृहत उद्देश्य दिगो विकासका लक्ष्यहरूसँग फिक्कल गाउँपालिकाको विकासलाई आबद्ध गराई  पालिकाको दिगो, सन्तुलित र समावेशी विकास गर्दै दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन मार्फत समतामुलक समाजको निर्माणमा योगदान गर्नु रहेको छ । यस योजनाका विशिष्ट उद्देश्यहरू देहायबमोजिम छन् ।

### विशिष्ट उद्देश्यहरू

१. फिक्कल गाउँपालिकाको सामाजिक विकासका विभिन्न पक्षहरू – स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षामा लगानी अभिवृद्धी गर्दै गुणस्तरीय सेवामा सबैको समान पहुँच स्थापित गर्ने र सामाजिक असमानता घटाउने ।

२. फिक्कल गाउँबासीमा रहेको आर्थिक असमानता कम गर्न  पालिकामा रहेको गरिबीलाई न्यूनिकरणगर्दै जाने

३. फिक्कल गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका स्थान, विशिष्ट प्रकारका संस्कृति, चाड र प्रचलनहरूको जगेर्ना, संरक्षण र प्रवर्धन गर्दै पालिकाको  धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्व र विशिष्टतालाई विश्वसामु चिनाउने ।

४. फिक्कल गाउँपालिकाभित्रका भौतिक विकासका पूर्वाधारहरूमा लगानी गर्दै सबै गाउँबासिहरूका लागि आधुनिक, दिगो, उत्थानशिल, पहुँचयुक्त र भरपर्दो गाउँपलिका निर्माण गर्ने ।

५. आदीबासी जनजाती सीमान्तकृत समुदायलाई बिशेष प्राथमिकता सहित सबै गाउँबासिहरूलाई समान आधारमा बिना कुनै भेदभाव सार्वजनिक सेवा, अवसर र मानवअधिकारमा पहुँच सुनिश्चित ।

६. न्याय सेवा र निर्णय प्रकृयालाई पारदर्शी, समावेशी , निश्पक्ष बनाई सीमान्तकत समुदायको पहुँच सुनिश्चित गर्ने साथै हिंसा र विभिन्न आधारमा गरिने भेदभावलाई न्यूनिकरण गर्ने ।

## आर्थिक विकास (दिगो विकास लक्ष १, २, ८ र १०)

### दिगो विकास लक्ष्य १: सबैतिरबाट सबैप्रकारका गरिबीको अन्त्य

लक्ष्य १ अन्तर्गत फिक्कल गाउँपालिकाका मुख्य प्राथमिकताहरू (Key Priorities of Fikkal Rural Municipality Under Goal 1)

- फिक्कल गाउँपालिकामा गरिवीको अवस्थामा रहेका नागरिकको पहिचान, अवस्था विश्लेषण
- फिक्कल गाउँपालिकामा समाजिक रूपमा सीमान्तकृत अवस्थामा रहेका समुहहरूको पहिचान र अवस्था विश्लेषण
- सीमान्तकृत अवस्थामा रहेका समुहकोलागि आर्थिक शसक्तिकरण (रोजगारी तथा स्वरोजगारी)

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षः** सन २०३० सम्ममा जहाँसुकै रहेको भएतापनि सबै जनताको चरम गरिवीको उन्मुलन गर्ने

**दिगो विकास लक्ष १ का लागि फिक्कल गाउँपालकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुगमन सूचक |
|---|---|---|---|---|
| राष्ट्रिय मापदण्ड अनुसार फिक्ल गाँउपालिकामा गरिवीको रेखामुनी | पालिकामा गरिवीको अवस्थामा रहेका नागरिकहरूको पहिचान तथा | फिक्कल गाँउपालिकामा गरिवीको अवस्थामा रहेका नागरिकहरूको अवस्था पहिचान भइ गरिबीट् | सामाजिक बिकास शाखा | • अध्ययन प्रतिवेदन<br>• खण्डिकृत/बर्गिकृत तथ्याङ्क |

| | | | | |
|---|---|---|---|---|
| रहेका जनसंख्याको अनुपात (उमेर, जात, लिंग, अपाङ्गता, रोजगारीको अवस्था, भौगोलिक स्थिति अनुसार) । | वर्गिकरण गर्ने । | निवारण कार्यक्रम निर्माणमा सहज हुनेछ । | | |
| | गरिवी भित्र पनि ससीमान्तकृत अवस्थामा रहेका महिला, बालबालिका, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लगायतको संख्या र अवस्था विश्लेषण | सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको अवस्था पहिचान भइ दीगो र समावेशी कार्यक्रम निर्माणमा सहयोग हुनेछ । | सामाजिक बिकास शाखा | • सीमान्तकृत समुदायको अवस्था विश्लेषण गरिएको प्रतिवेदन<br>• सीमान्तकृत समुदायको खण्डिकृत तथ्याङ्क |
| | अध्ययन मार्फत गरिवी तथा सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको लागि रोजगारी र आयआर्जनका संभावनाहरूको खोजी गर्ने | सीमान्तकृत अवस्थामा रहेका नागरिकहरूको आर्थिक शसक्तिकरणका उपायहरू पहिचान हुनेछन् । | सामाजिक बिकास शाखा | • फिक्कल गाउँपालिका भित्रका रोजगारी र आयआर्जनका संभावनाहरूको विश्लेषण गरिएको प्रतिवेदन |
| | गरिब तथा सीमान्तकृत समुदाय लक्षित आर्थिक सशसक्तिकरण कार्यक्रम संचालन गर्ने – सिप विकास, | गरिब तथा सिमान्तकृत समुदायका नागरिकहरूले रोजगारी तथा आय आर्जनका अवसरहरू प्राप्त | सामाजिक बिकास शाखा | • गरिवी न्यूनिकरण लक्षित कार्यक्रम समावेश भएको बार्षिक नीति तथा |

| | | | | |
|---|---|---|---|---|
| | ऋण सहयोग, बिउ पूँजी, उद्यमशिलता विकास तालिम, रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम संचालन गर्ने । | गर्नेछन् र आय आर्जनमा संलग्न हुनेछन् । | | कार्यक्रम ।<br>• संचालित गरिब तथा सीमान्तकृत लक्षित आर्थिक शसक्तिकरणका कार्यक्रम<br>• आर्थिक रूपमा शसक्तिकरण भएका यूवा, गरिव, विपन्न र सिमान्तकृत समुदायका नागरिकहरूको संख्या |

## दिगो विकास लक्ष २ : भोकमरीको अन्त्य, खाद्य सुरक्षा प्राप्त गर्ने र पोषण र दिगो कृषीको प्रवर्धन गर्ने ।

### लक्ष २ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू

- **गरिबी र भोकमरीको अवस्थामा रहेका नागरिकहरूका लागि स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा**
- **गरिब, विपन्न वा वसाई सराईको कारणले बिस्थापित भोकमरी वा चरम आर्थिक संकट भई दुई छाक टार्न धौ धौ भए नागरिकको लागि उचित आर्थिक प्याकेज ।**

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष:** सन २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरि शिसु लगायत गरिब र संकटग्रस्त अवस्थामा रहेका व्यक्तिहरू सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा बर्षैंभरी पहुँच सुनिश्चित गर्ने ।

**दिगो विकास लक्ष २ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| फिक्कल गाउँपालिकाभित्र देखिने कुपोषणको घट्दो दर, खाद्य असुरक्षाको घट्दो दर | गाउँक्षेत्र भित्र रहेका विपन्न बेवारिसे, असहाय र भोकै रहनुपर्ने अवस्थाका नागरिक, वेवारिसे ,अनाथ र सडक बालबालिकाको पहिचान र कारणहरूको अध्ययन । | बेवारिसे, असहाय, बालबालिकाहरूको अवस्था पहिचान भइ कार्यक्रम निर्माणमा सहज हुनेछ । | सामाजिक बिकास शाखा | • असहाय, वेवारिसे र भोकै रहनुपर्ने अवस्थाका नागरिकको विस्तृत तथ्याङ्क |
| | भोकै रहनुपर्ने अवस्थामा रहेका नागरिकहरूलाई तत्कालका लागि खाना, | नागरिकहरू भोकै रहनुपर्ने अवस्थाबाट मुक्त हुनेछन | सामाजिक बिकास | • संचालित खाना तथा पोषणका कार्यक्रमहरूको संख्या, लाभान्वितहरूको |

| | | | | |
|---|---|---|---|---|
| | आवास तथा पोषणको व्यवस्था गर्ने र आय आर्जनमा सहभागिता गराउने । नागरिकमा रहेको खाद्य असुरक्षा घटाउने कार्यक्रमहरू संचालन गर्ने | | शाखा | संख्या, संचालित आय आर्जन कार्यक्रम, आय आर्जनबाट लाभान्वित संख्या ।<br>• गाउँपालिकाले खाद्य सुरक्षाको लागि अपनाएका उपायहरू । |
| | विपन्न, वेसहारा बालबालिकाहरू र नागरिकको लागि संस्थागत व्यवस्थापन गर्ने । | गाउँक्षेत्रका नागरिकहरू बेवारिसे भएर विस्थापित अवस्थामा जीवन विताउनुपर्ने वाध्यताबाट मुक्त हुनेछन् | सामाजिक बिकास शाखा | • विभिन्न बाल संरक्षण गृह, ज्येष्ठ नागरिक क्लब, सिप विकास केन्द्रहरू मार्फत उपलब्ध गराइएका सेवा र लाभान्वित संख्या । |

### दिगो विकास लक्ष ८ : समावेशी र दिगो आर्थिक वृद्धिको प्रवर्धन र सबैका लागि मर्यादित काम ।

### लक्ष ८ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality Under Goal 8)

- फिक्कल गाउँ क्षेत्र भित्र पर्यटन प्रवर्धन मार्फत काम तथा रोजगारीको वातावरण निर्माण
- कृषी, पर्यटन, हस्तकला, जडीवुटीसँग सम्बन्धित वस्तुहरूको उत्पादन तथा सेवाको प्रवर्धन मार्फत मर्यादित कामको सृजना

- गाउँपालिका क्षेत्रमा लामो समयदेखि चलिआएका चाडवाड, जात्रा, पर्व, मेलाको संरक्षण र सम्बर्धन

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षः** उत्पादनशिल गतिविधीहरू, मर्यादित रोजगारी सृजना, उद्यमशिलता, सृजनशिलता र नवप्रवर्तनलाइ सहयोग गर्नेखालका विकासमुखी नीतिहरू प्रवर्धन गर्ने र वित्तीय सेवाहरूमा पहुँच लगायत लघु, साना र मझ्यौला उद्योगहरूको स्थापना र वृद्धिलाइ प्रोत्साहन गर्ने ।

**दिगो विकास लक्ष ८ का लागि फिक्कल गाउँ पालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| फिक्कल गाउँपालिका अन्तर्गत कृषी, उद्योग, हस्तकला, पर्यटन क्षेत्रमा रोजगारीको अनुपात (उमेर, लिंग, आर्थिक अवस्था, अपाङ्गता, जात जाति अनुसार) | पालिका भित्रका पर्यटकीय स्थलहरूको पहिचान निर्माण, सुधार, र मर्मत गर्ने, सबैका लागि पहुँचयुक्त बनाउने, देशभित्र र विदेशमा नियमित प्रचार प्रसार गर्ने र पर्यटन व्यावसायलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने । | गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरू व्यवस्थित, सफा, थप सुन्दर, सबैका लागि पहुँचयुक्त र आकर्षक हुनेछन् । पर्यटकहरूको संख्यामा वृद्धि हुनेछ । | सूचना तथा प्रविधि शाखा | • पहिचान निर्माण र सुधार गरिएका पर्यटकीय स्थलहरूको संख्या<br>• सबैका लागि पहुँचयुक्त बनाइएका पर्यटकीय स्थलहरूको संख्या<br>• गाउँपालिकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | | उत्पादन गरेका प्रचार सामग्री, वेवसाइट र संचालन गरेका प्रचार प्रसार सम्बन्धी कामहरू ।<br>• पर्यटन व्यावसायिलाई प्रोत्साहन गर्न संचालित कार्यक्रमहरू र लाभान्वित संख्या |
| | गाउँपालिका क्षेत्रमा संचालित हस्तकला उद्योग, जडिवुटी, आधुनिक कृषी, तथा सांस्कृतिक महत्वका वस्तुहरूको उत्पादन, प्रयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा यसको विक्रीलाइ | हस्तकलाका सामान, जडिवुटी, कृषी उत्पादन लगायत सांस्कृतिक महत्वका वस्तुहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण र प्रचार प्रसार बढ्नेछ । | सूचना तथा प्रविधि शाखा | • परम्परागत उद्योग संचालनका लागि तालिम तथा अनुदान सहयोग कार्यक्रम<br>• उत्पादित वस्तु तथा सेवाहरूको |

| | | | | |
|---|---|---|---|---|
| | प्रवर्धन गर्न प्राविधिक सहयोग, परामर्श र अध्ययनमा सहयोग गर्ने । | | | प्रचार प्रसारको लागि गरिएका कृयाकलापहरूको संख्या<br>• प्राविधिक सहयोग र परामर्शको लागि गरिएका कामहरूको संख्या र लाभान्वित संख्या |
| | गाउँभित्रका सांस्कृतिक चाड, जात्रा, मेला, पर्वहरूको अन्तर्राष्ट्रिय र राष्ट्रिय तहमा प्रचार प्रसार गरी आन्तरिक र वाह्य पर्यटकहरूलाई आकर्षण गर्ने । | गाउँपालिकाका चाड र जात्रा हेर्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूको संख्यामा वृद्धि हुनेछ । | सामाजिक विकास शाखा | • अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा प्रचार प्रसार गर्न संचालित कार्यक्रमहरूको संख्या । |

## दिगो विकास लक्ष १०: देश देश विचको र देशभित्रको असमानताको न्यूनिकरण

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्ष (१०.२)** उमेर, लिंग, अपाङ्गता, जातजाती, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था/हैसियत जे भएपनि सबै जनताको सामाजिक, राजनैतिक र आर्थिक समावेशितालाई शसक्त बनाउने र प्रवर्धन गर्ने ।

**लक्ष १० अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality Under Goal 10 )**

- **गाउँक्षेत्रभित्रका सामाजिक असमानताहरूको न्यूनिकरण**
- **सिमान्तकृत समुदायलाई न्यायमा पहुँच बढाउने**
- **विभेद विरूद्धमा सामाजिक जनचेतना अभिवृद्धि**

**दिगो विकास लक्ष १० का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित पेपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| फिक्कल गाउँपालिका भित्र रहेका वर्ग, जात, जाति, लिंग, उमेर र अपाङ्गता अनुसार मध्यम आयको ५०% भन्दा मुनि आय हुने जनताहरूको अनुपात । | गाउँक्षेत्र भित्रका जातीय, वर्गीय, लैंगिक, उमेर, अपाङ्गता लगायतका आधारमा विद्यमान विभिन्न सामाजिक असमानताका स्वरूप र त्यसको सामाजिक आर्थिक प्रभावको अध्ययन गर्ने | गाउँपालिका क्षेत्र भित्र रहेका सामाजिक असमानताका कारणहरू पहिचान भइ यसको न्युनिकरण सम्बन्धि कार्यक्रम निर्माणमा सहज हुनेछ । | सामाजिक विकास शाखा | • अध्ययन प्रतिवेदन र प्रतिवेदनले दिएका तथ्यहरू तथा सूचक अनसारको तथ्याङ्क |
| | गाउँक्षेत्र भित्र रहेका यूवा | आर्थिक उपार्जनका | सामाजिक | • लिंग, वर्ग, उमेर, |

| | | | | |
|---|---|---|---|---|
| | लगायत संकटको अवस्थामा रहेका र सीमान्तकृत वर्गहरू (जस्तै महिला, अपाङ्गता भएका व्यक्ति, गरिव, विपन्न, दलित, आदिवासी, जनजाति आदिको) आय आर्जनमा वृद्धि गर्न लक्षित कार्यक्रमहरू संचालन गर्ने | **कामहरूमा गाउँपालिका क्षेत्रमा युवा तथा सीमान्तकृत वर्गका जनताको संलग्तामा बृद्धि** हुनेछ । | बिकास शाखा | जात, अपाङ्गता, आर्थिक अवस्थाका आधारमा आय आर्जनमा संलग्नहरूको संख्या । |
| | सामाजिक असमानता हटाउन शैक्षिक पाठ्यक्रममा सुधार ल्याउने र सामाजिक समानताको बारेमा नियमित कक्षाहरू संचालन गर्ने । | सामाजिक समानता कायम गर्न नयाँ पुस्ता क्रमशः जिम्मेवार हुँदै जानेछ । | न्यायिक समिति | • सामाजिक समानताको बारेमा विभिन्न विद्यालयमा संचालित कक्षाहरू र लाभान्वित विद्यार्थी र शिक्षकहरूको संख्या |
| | असमान व्यवहारका | गाउँपालिकाको क्षेत्रभित्र | न्यायिक समिति | • असमान व्यवहार |

| | | | | |
|---|---|---|---|---|
| | विरूद्धमा कानुनी कार्वाहीहरूलाई चुस्त बनाउने र पालिकामा गुनासो दर्ता गर्ने र तत्काल कार्वाही गर्ने संयन्त्र स्थापना गर्ने र त्यसलाई सबैको लागि पहुँचयुक्त बनाउने | नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरूमा कमी आउनेछ । | | सम्बन्धी दर्ता भएका गुनासाहरू, गुनासो उपर गरिएका कार्वाहीहरू |
| | सामाजिक असमानता विरूद्ध कार्यक्रमहरू गर्न यूवा समुह, सामाजिक संघ संस्था, अनौपचारिक समुहहरू, शैक्षिक संस्थाहरूलाई परिचालन गर्ने र स्थानीय निर्णय प्रकृयाहरूमा सीमान्तकृत वर्गहरूको सहभागिता बढाउने | गाउँक्षेत्रभित्र नागरिक नागरिक बीच हुने असमान व्यवहार र विभेदहरूमा कमी आउनेछ । | सामाजिक बिकास शाखा | • जातीय, लैंगिक, अपाङ्गता तथा अन्य आधारमा हुने असमानताको घट्दो दर<br>• निर्णय प्रकृयामा सीमान्तृकत वर्गको सहभागिताको अनुपात |
| | सामाजिक समानता प्रवर्धन गर्ने कार्यक्रमहरूमा नीजि क्षेत्रलाई परिचालन गर्ने र | सामाजिक असमानता न्युनिकरणमा गाउँ क्षेत्रका नीजि कम्पनी, संस्था र | सामाजिक बिकास शाखा | • संचार माध्यमबाट प्रसारित |

| | | | | |
|---|---|---|---|---|
| | संचार माध्यमबाट प्रसारण गर्ने र यस्ता प्रकारका प्रकाशनहरूलाई प्रवर्धन गर्ने | संचारमाध्यमहरू सकृय हुनेछन् | | कार्यक्रमहरू<br>• सम्बन्धित प्रकाशनहरू |

# सामाजिक विकास (दिगो विकास लक्ष ३, ४, ५, ६)

## दिगो विकास लक्ष ३ : सबै उमेरका मानिसहरूका लागि स्वस्थ जीवन र आरोग्यता

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

लक्ष ३.३ : सन २०३० सम्ममा एच.आइ.भी.एडस्, क्षय रोग, औलो ज्वरो, उष्ण प्रदेशीय उपेक्षित रोगहरूको माहामारी अन्त्य गर्ने र हेपाटाइटिस पानीजन्य रोगहरू एवम अन्य सरूवा रोगहरू नियन्त्रण गर्ने ।

लक्ष ३.४ : सन २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाइले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्धन गर्ने ।

लक्ष ३.५. लागू पदार्थ तथा मादक पदार्थ प्रयोगको रोकथाम, नियन्त्रण उपचार पद्धतिलाई सुदृढ तुल्याउने

लक्ष ३.६. सन २०२० सम्ममा विश्वभर सडक दुर्घटनाबाट हुने मृत्यू र घाइतेहरूको संख्यालाई आधा घटाउने

लक्ष ३.७. सन २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै परिवार नियोजन, सूचना र शिक्षा तथा प्रजनन् स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकिकरण गर्ने

लक्ष ३.८. स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हाँसिल गर्नका निम्ति वित्तीय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरूका साथै सबैको लागि क्षमताअनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरूको उपलब्धता बढाउने ।

## लक्ष ३ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality Under Goal 3)

- आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धी, स्वास्थ्य सेवाको स्तरोन्नति
- जनस्वास्थ्यमा सुधार, सरूवारोगहरूमा नियन्त्रण
- विशिष्ट प्रकारका सेवाहरूको उपलब्धतामा वृद्धि, स्वास्थ्य संस्थाको क्षमता विकास
- लागु पदार्थ सेवन, प्रयोग तथा विक्री वितरणमा नियन्त्रण
- नागरिकको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार

**दिगो विकास लक्ष ३ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. फिक्कल गाउँपालिकामा एच.आइ.भी., | गाउँक्षेत्रमा रहेका अस्पताल र स्वास्थ्य केन्द्रहरूको अनुगमन गर्ने र | गाउँक्षेत्रको समग्र स्वास्थ्य केन्द्रहरूको सेवा तथा गुणस्तरको | स्वास्थ्य शाखा | • अनुगमन तथा अध्ययन प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| क्षयरोग, मलेरिया, हेपाटाइटिस बी जस्ता सरूवा रोग लाग्नेहरूको दर ।<br>२. फिक्कल गाउँपालिका क्षेत्रमा मुटु सम्बन्धी रोग, क्यान्सर, मधुमेह, स्वासप्रश्वास सम्बन्धी हुने दीर्घ रोगहरूको कारण हुने मृत्यू दर<br>३. फिक्कल गाउँपालिकामा प्रति १ लाख जनसंख्यामा आत्महत्याको कारण हुने मृत्यू दर<br>४. फिक्कल गाउँपालिकामा लागु पदार्थको प्रयोगबाट हुने हानीहरूको | अत्यावश्यक स्वास्थ्य सेवाको आपूर्तिको अवस्था र गुणस्तरको अध्ययन गर्ने | अवस्था पहिचान भइ सुधारका कार्यक्रमहरू लागु गर्न सहज हुनेछ | | |
| | गाउँक्षेत्र भित्र उपलब्ध गराइने न्युनतम आधारभूत तथा अत्यावश्यक स्वास्थ्य सेवाको गुणस्तर र मापदण्ड निर्धारण गर्ने | गाउँबासीहरूले गाउँपालिका मार्फत पाउने स्वास्थ्य सेवाको गुणस्तरमा बृद्धि हुनेछ । | स्वास्थ्य शाखा | • गाउँपालिकाले तोकेको न्युनतम आधारभूत स्वास्थ्य सेवाहरू र निर्धारित विस्तृत मापदण्ड |
| | सरूवा रोगहरूको बिषयमा जनचेतना अभिवृद्धि गर्ने रोकथामका लागि शुद्ध पिउने पानी आपूर्ति लगायत गाउँपालिकाको सरसफाइ र फोहर व्यवस्थापनलाई दिगो बनाउने । | सरूवा रोगबाट बच्ने उपायको बारेमा जनतामा सूचना प्रवाह हुनेछ, गाउँको सरसफाइमा वृद्धि हुनेछ र फोहर व्यवस्थपन दिगो हुनेछ | स्वास्थ्य शाखा | • सचेतना कार्यक्रमहरूको संख्या, लाभान्वित संख्या, गाउँपालिकाको सफाइमा सुधार भएको अवस्था |
| | नसर्ने रोगहरूको रोकथाम सम्बन्धमा जनचेतना कार्यक्रम संचालन गर्ने र यस्ता रोगहरूको उपचारलाई प्रभावकारी | नसर्ने रोगको दरमा कमी आउनेछ र यस्ता रोगहरूको उपचार प्रभावकारी रूपमा | स्वास्थ्य शाखा र पुर्वाधार बिकास शाखा | • नसर्ने रोग लाग्ने दर र प्रभावकारी उपचार पाएर निको हुनेहरूको |

| | | | | |
|---|---|---|---|---|
| उपचार सेवाको विस्तार | बनाउन अस्पतालहरूको क्षमता विकास गर्ने | उपलब्ध हुनेछ | | दर |
| ५. फिक्कल गाउँपालिकामा सडक दुर्घटनाबाट हुने मृत्यू दर<br>६. फिक्कल गाउँपालिकामा आधुनिक विधि र साधनव्दारा परिवारनियोजन सम्बन्धी आवश्यकताहरू पुरा गर्ने १५ देखि ४९ वर्ष उमेरका महिलाहरूको अनुपात | जथाभावी लागु पदार्थ तथा मादक पदार्थको सेवन र सडक दुर्घटनाहरूलाई कम गराउन प्रहरी सकृयता र कार्वाही बढाउने र ट्राफिक नियम र लागु पदार्थ सम्बन्धी नियमित सार्वजनिक सचेतना कार्यक्रम संचालन गर्ने । गाउँपालिका क्षेत्रका सबै सार्वजनिक सडक, सडक छेउ तथा बिग्रिएको बाटोहरुको मर्मत तथा संभार तथा स्तरबृद्धि गर्ने गर्ने । | लागु पदार्थ सेवन गर्नेहरूको संख्यामा कमि आउनेछ, सवारी दुर्घटनाहरू कम हुनेछन् । | स्वास्थ्य तथा पुर्वाधार शाखा | • जथाभावी लागु तथा मादक पदार्थ सेवन गर्नेहरूको दर<br>• सवारी दुर्घटनाको दर<br>• स्तर बृद्धि भएको बाटोको किलोमिटरको मापन |
| ७. फिक्कल गाउँपालिकामा रहेका जनताहरूको अत्यावश्यक स्वास्थ्य | गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने सबै अस्पताल र स्वास्थ्य केन्द्रहरूमा नियमित | गाउँवासीहरूले न्युनतम गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्नेछन् | स्वास्थ्य शाखा | • स्वास्थ्य केन्द्रहरूले उपलब्ध गराउने सेवाको प्रकार र संख्या |

| | | | | |
|---|---|---|---|---|
| सेवाहरूमा पहुँच | न्युनतम आधारभूत र अत्याश्यक स्वास्थ्य सेवा सुनिश्चित गर्ने र यस्ता सेवाहरू सबैका लागि निःशुल्क उपलब्ध गराउने | | | • निःशुल्क स्वास्थ्य सेवा लिने लाभान्वितहरूको संख्या |
| | ज्येष्ठ नागरिक, गर्भवति महिला, अपाङ्गता भएका व्यक्तिलाई दिइने विशिष्ट प्रकारका सेवाहरू निःशुल्क उपलब्ध गराउने | विशिष्ट प्रकृतिको स्वास्थ्य सेवा पाउनुपर्ने नागरिकहरूले निःशुल्क रूपमा यस्ता सेवाहरू पाउनेछन् | स्वास्थ्य शाखा | • निःशुल्क विशिष्टिकृत सेवा लिने नागरिकहरूको संख्या (लिंग, उमेर, अपाङ्गताको आधारमा) |
| | प्रजनन तथा यौन स्वास्थ्य सम्बन्धी परामर्श, मनोपरामर्श जस्ता सेवाहरू प्रत्येक स्वास्थ्य केन्द्रहरूमा निःशुल्क उपलब्ध गराउने | महिला तथा मनोसामाजिक समस्या भएका व्यक्तिहरूले प्रजनन् स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा निःशुल्क रूपमा पाउनेछन् | स्वास्थ्य शाखा | • निःशुल्क परामर्श सेवा लिनेहरूको संख्या |

| | | | | |
|---|---|---|---|---|
| | पालिकास्तरीय स्वास्थ्य सेवा अनुगमन तथा सुझाव समिति गठन गरि नियमित परिचालन गर्ने | पालिकास्तरीय स्वास्थ्य सेवाको प्रभावकारितामा बृद्धि हुनेछ | स्वास्थ्य शाखा | • अनुगमन समितिले गरेका अनुगमनहरूको संख्या, प्रतिवेदनहरू, दिएका सुझावहरू र सुझाव कार्यान्वयनको प्रतिवेदन |

**दिगो विकास लक्ष ४ : सबैका लागि समान र गुणस्तरीय शिक्षा । सबैका लागि जीवनपर्यन्त सिकाइका लागि अवसर सृजना गर्ने ।**

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू**

४.१. सन् २०३० सम्ममा सबै छात्रछात्राहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुन सकुन् भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

४.४. सन् २०३० सम्ममा रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति प्राविधिक एवम् व्यावसायिक दक्षता लगायतका सान्दर्भिक सीप/दक्षता भएका युवा र वयस्कहरू (Adults) को सङ्ख्या वृद्धि गर्ने ।

४.५. सन् २०३० सम्ममा शिक्षामा लैङ्गिक असमानताहरूको अन्त्य गर्ने र सबै तहका शिक्षा र व्यावसायिक तालिममा संकटमा रहेका समुह, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, संकटको अवस्थामा रहेका बालबालिकाको समान पहुँच सुनिश्चित गर्ने ।

४.६. सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्कहरू (दुवै पुरुषहरू र महिलाहरू) लाई साक्षरता र साङ्ख्यक (सामान्य गणित) ज्ञान हांसिल गर्न सक्षम तुल्याउने ।

## लक्ष ४ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality Under Goal 4)

- **सामुदायिक विद्यालयको अवस्था र गुणस्तरमा सुधार**
- **विद्यालयले दिने शैक्षिक सेवाको गुणस्तरमा सुधार**
- **विद्यार्थिको विस्तृत तथ्याङ्क र प्रविधि उन्मुख शिक्षा**
- **शिक्षकहरूको क्षमता विकास, पहुँचयुक्त भौतिक संरचना, पहुँचयुक्त शिक्षण सिकाइ विधि, परीक्षा प्रणाली**

**दिगो विकास लक्ष ४ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. बालबालिका तथा यूवाहरूको विद्यालय भर्ना अनुपात<br>२. प्राथमिक देखि | गाउँक्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरूमा उपलब्ध सेवा, मानव स्रोत, सुविधा, पूर्वाधार, शैक्षिक | गाउँक्षेत्र भित्रका सामुदायिक विद्यालयहरूको विस्तृत अवस्था पहिचान भइ | शिक्षा, युवा तथा खेलकुद शाखा | लेखाजोखा/अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका तथ्यहरू |

| | | | | |
|---|---|---|---|---|
| माध्यमिक तह सम्ममा पढाइ र गणित विषयमा | गुणस्तर र पर्याप्तताको अध्यनन तथा लेखाजोखा गर्ने । | सुधार र विकासका लागि योजना बनाउन सहज हुनेछ । | | |
| न्यूनतम पनि प्रविणता तहको सिकाइ उपलब्धी<br>३. माध्यमिक तहको अन्त्य सम्ममा सिप | निःशुल्क शिक्षा उपलब्ध हुँदा पनि सामुदायिक विद्यालयमा विद्यार्थी पढ्न नआउने कारणको खोजी तथा अध्ययन | शिक्षाको गुणस्तर कम हुने कारणहरू पहिचान भइ योजना निर्माणमा सहज हुनेछ । | शिक्षा, युवा तथा खेलकुद शाखा | अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका कारण र समस्याहरू |
| वा दक्षताका प्रकार अनुसार सूचना प्रविधि सम्बन्धी सिप/दक्षता भएका यूवा र वयस्कहरूको अनुपात<br>४. यो सूचीमा रहेका खण्डिकरण गर्न सकिने सबैको शिक्षा सम्बन्धी तथ्याङ्कहरू | लेखाजोखा र अध्ययनले दिएको तथ्यको आधारमा सामुदायिक विद्यालयको पूर्वाधार तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम लागू गर्ने । विद्यालयमा विश्व नागरिकता, दिगो विकास र मानवअधिकार सम्बन्धी शिक्षालाइ अनिवार्य गर्ने | विद्यालयले दिने सेवा र शिक्षाको गुणस्तरमा वृद्धि हुनेछ र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्या बढ्नेछ । | शिक्षा, युवा तथा खेलकुद शाखा | सामुदायिक विद्यालयको गुणस्तर र अवस्था सुधारका लागि गाउँपालिकाले घोषणा गरेका कार्यक्रमहरू र कार्यान्वयन प्रतिवेदन |
| जस्तै महिला, पुरूष, अपाङ्गता, ग्रामिण | शैक्षिक मानव स्रोत (शिक्षक) र विद्यार्थी | सामुदायिक विद्यालयमा विद्यार्थीहरूकोलागि | शिक्षा, युवा तथा खेलकुद | • सबै सामुदायिक विद्यालयमा विद्यार्थि |

| | | | | |
|---|---|---|---|---|
| तथा सहरी क्षेत्र, आदिवासी जनजाति, द्वन्द्व पिडित आदि ।<br>५. फिक्कल गाउँपालिकामा साक्षर र निश्चित तहको गणितको ज्ञान भएका निश्चित उमेर समुहका जनताहरू ।<br>६. फिक्कल गाउँपालिकाको सार्वजनिक | दुवैलाई आधुनिक सूचना प्रविधि र शिक्षण विधि सँग जोड्ने र कम्प्युटर र इन्टरनेटमा आधारित सिकाइ विधिलाइ हरेक सामुदायिक विद्यालयमा सुनिश्चित गर्ने ।<br>विद्यालयमा अध्ययनरत विद्यार्थिको लिंग, अपाङ्गता, जनजाति आदिवासी, आर्थिक अवस्था, अन्य खण्डिकरण गर्न सकिने विभिन्न आधारमा तथ्याङ्क राख्ने | सिकाई विधि र प्रकृया सहज र प्रविधियुक्त हुनेछ, विद्यार्थीहरूको सिकाइ उपलब्धीमा सुधार हुनेछ ।<br>सबै विद्यार्थीको खण्डिकृत तथ्याङ्क उपलब्ध हुनेछ । | शाखा | र शिक्षकको लागि सिक्न र सिकाउन चाहिने पर्याप्त कम्प्युटर, इन्टरनेट लगायत सामग्री तथा सेवा सुविधा उपलब्ध भएको र त्यसको उपयोग भएको अवस्था<br>• अध्यनरत विद्यार्थिको खण्डिकृत तथ्याङ्क |
| विद्यालयमा विश्व, नागरिकता, दिगो विकास र मानवअधिकार सम्बन्धी विषयलाइ पाठ्यक्रममा मुल प्रवाहीकरणको स्तर | प्रविधिमा राम्रो पहुँच भएका र विषयवस्तुमा पर्याप्त ज्ञान भएका नयाँ यूवा शक्तिलाई शिक्षण पेशामा अभिप्रेरित गर्ने शिक्षण सिपकोलागि पर्याप्त तालिम उपलब्ध गराउने । | आधुनिक र समयसापेक्ष आवश्यकता अनुसारको सिप भएका गुणस्तरीय शिक्षकहरू विद्यालयले पाउनेछन् । | शिक्षा, युवा तथा खेलकुद शाखा | • सबै सामुदायिक विद्यालयमा प्रविधिमा पर्याप्त जानकार र पहुँच भएका, तालिम प्राप्त र विषयवस्तुमा पर्याप्त ज्ञान भएका र शिक्षण विधिमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | जानकार शिक्षकहरू उपलब्ध भएको अवस्था । |
| | समावेशी शिक्षालाइ सुनिश्चित गर्न विद्यालयका शिक्षण सिकाइ विधि, मुल्याङ्कन प्रणाली, सहभागिता, सामाजिक गतिविधि, खेल तथा मनोरन्जन, समुह कार्य लगायत विद्यालयको भौतिक संरचना, विभिन्न सेवा र सुविधामा सबै विद्यार्थिको समान पहुँच स्थापित गर्न उल्लेखित सबैलाइ अपाङ्गता भएका बालबालिका लगायत सबैका लागि पहुँचयुक्त र मैत्रीपूर्ण बनाउने । | विद्यालयको भौतिक संरचना, सिकाइ विधि, मुल्याङ्कन विधि र परीक्षा प्रणाली सबैखाले विद्यार्थीको लागि पहुँचयुक्त लचिलो र सहज हुनेछ । | शिक्षा, युवा तथा खेलकुद शाखा | • अपाङ्गता मैत्री तथा बाल मैत्री सेवा सुविधा, भौतिक संरचना, शिक्षण सिकाइ विधि, मुल्याङ्कन विधि र सामाजिक सहभागिताको अभ्यास ।<br>• समावेशी वातावरणमा विद्यालयमा अध्ययन गरिरहेका अपाङ्गता भएका बालबालिका लगायत अन्य सीमान्तकृत समुदायका |

| | | | | |
|---|---|---|---|---|
| | | | | बालबालिकाको संख्या |

## दिगो विकास लक्ष ५ : लैंगिक समानता हासिल गर्ने, सबै महिला र वालिका हरूको शसक्तिकरण गर्ने।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

५.१. सबै महिला, एकल महिला किशोरी तथा बालिकाहरूविरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने।

५.२. सार्वजनिक तथा निजी क्षेत्रहरू (Spheres) मा सबै महिला, किशोरी तथा बालिकाहरू विरुद्ध हुने सबै प्रकारका हिंसा, मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण कोअन्त्य गर्ने।

५.३. सबै प्रकारका हानिकारक प्रचलनहरू अन्त्य गर्नु जस्तै बालविवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जनेन्द्रीय अङ्गभङ्ग गर्ने।

५.४. सार्वजनिक सेवाहरूको प्रावधान, पूर्वाधार र सामाजिक सुरक्षण नीतिहरूको प्रवद्र्धन गर्ने, पारिश्रमिक विना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवं पारिवारिक कामको राष्ट्रिय प्रावधानअनुसार बाँडफाँड गर्ने।

५.५. राजनीतिक, आर्थिक र सार्वजनिक जीवनको सबै निर्णय तहहरूको नेतृत्वमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरहरूको सुनिश्चितता गर्ने ।

५.६. जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र बेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीहरूको समीक्षासम्बन्धी सम्मेलनहरूको दस्तावेजहरूमा सम्झौता भएअनुसार महिलाहरूको यौन, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

५.६. साँस्कृतिक पक्ष , महिनावारी छुवाछुत, जातिय छुवाछुत , विधुवा महिला एकल महिला प्रतिको सामाजिक व्यवहार रुपान्तरण गर्नु पर्ने ।

### लक्ष ५ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipalities under Goal 5)

- गाउँपालिका क्षेत्र भित्र हुने लैंगिक हिंसा र विभेदका घटनाहरूमा न्युनिकरण
- लैंगिक हिंसा र विभेद विरूद्ध नागरिक सचेतना

**दिगो विकास लक्ष ५ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. लैंगिक समानता र विभेदरहित व्यवस्थाहरूको प्रवर्धन, तिनिहरूको कार्यान्वयनका साथै अनुगमन गर्नका लागि स्थानीय तहमा | गाउँक्षेत्र भित्र हुने लैंगिक विभेद र हिंसाका स्वरूपहरूको बारेमा अध्ययन गर्ने | लैंगिक विभेद र हिंसाका स्वरूपहरूको पहिचान भइ यस विरूद्ध कार्यक्रमहरू निर्माणमा सहजता हुनेछ । | सामाजकि बिकास शाखा | • अध्ययन प्रतिवेदन र प्रतिवेदनले उजागर गरेका समस्या, सवाल र कारणहरू |
| | लैंगिक विभेद र हिंसा | लैंगिक विभेद र हिंसा | सामाजिक | • गाउँपालिका क्षेत्रमा |

| | | | | |
|---|---|---|---|---|
| कानुनी संरचना वा खाकाहरूको उचित व्यवस्था भएको/नभएको अवस्था<br>२. जीवनकालमा १५ वर्ष वा सोभन्दा माथिका उमेरका महिलाहरूमध्ये अघिल्लो १२ महिनामा शारीरिक, यौन वा मनोवैज्ञानिक हिंसामा परेका महिलाहरूको अनुपात<br>३. १५ वर्ष वा १८ बर्ष उमेरभन्दा पहिला विवाह भएका वा वैवाहिक मिलनमा रहेका २० देखि २४ वर्ष उमेर | विरूद्धमा तालिम, बहस र अभिमुखीकरणलाई व्यापक बनाउने र यस्ता कार्यक्रममा महिला, पुरूष तथा तेस्रो लिंगी सबैको समान सहभागिता सुनिश्चित गर्ने । | हुन नदिन र हिंसाको प्रतिवाद गर्न समुदायको क्षमतामा वृद्धि हुनेछ | बिकास शाखा | संचालित तालिम, अभिमुखीकरण, बहस र गोष्ठीहरूको संख्या र लाभान्वित समुहको संख्या |
| | महिला हिंसा, बालबिवाह वा लैंगिक हिंसा विरूद्धका कानुनी कार्वाहीहरूलाई व्यापक बनाउन पालिकाका प्रहरीलाई सकृय गराउन आवश्यक तालिम उपलब्ध गराउने । | महिला हिंसा वा लैंगिक हिंसा विरूद्धको प्रहरी कार्वाही प्रभावकारी हुनेछ । | सामाजिक बिकास शाखा | • लैंगिक हिंसा विरूद्ध काम गर्ने तालिम पाएका प्रहरी र गाउँपालिकाका प्रतिनिधि, कर्मचारीहरूको संख्या<br>• लैंगिक हिंसा विरूद्ध प्रहरीले गाउँपालिका क्षेत्रभित्र गरेका कानुनी कार्वाहीहरूको संख्या<br>• लैंगिक हिंसामा |

| | | | | |
|---|---|---|---|---|
| समूहका महिलाहरूको अनुपात<br>४. लिङ्ग, उमेर र ठाउँअनुसार विनापारिश्रमिक गराइने घरेलु कामकाज र हेरचाहसम्बन्धी काममा खर्च गरिएको समयको अनुपात<br>५. महिलाहरूले स्थानीय सरकारहरूमा ओगटेको पदहरू<br>६. व्यवस्थापकीय पदहरूमा महिलाहरूको अनुपात | | | | आएको कमिको दर/अनुपात |
| | लैंगिक हिंसा विरूद्धमा गाउँपालिका र प्रहरीमा गुनासो दर्ता गर्ने प्रणालीलाई चुस्त, नियमित र सबैका लागि पहुँचयुक्त बनाउने । | लैंगिक हिंसा विरूद्ध सबै खाले नागरिकहरूले सहजै गुनासो र उजुरीहरू गर्न सक्नेछन् । | न्यायिक समिति | • गुनासो दर्ता प्रणालीको पहुँचयुक्तताको अवस्था (अपाङ्गता, उमेर समुह, विभिन्न भाषाभाषी, समुदाय, शैक्षिक तथा आर्थिक अवस्था लगायत विभिन्न दृष्टिकोणबाट)<br>• गाउँपालिका वा प्रहरीमा दर्ता भएका गुनासाहरूको प्रकृति र संख्या । |
| | महिला तथा तेस्रो लिंगिको अधिकार शिक्षा र लैंगिक समानतालाई विद्यालयका पाठ्याक्रमहरूमा समावेश | महिला तथा तेस्रो लिंगिका अधिकारका विषयमा नयाँ पुस्ता सचेत र जिम्मेवार | समाजिक बिकास शाखा | • पाठ्याक्रममा समावेश गरिएका विषयहरू । (प्रकार |

| | | | | |
|---|---|---|---|---|
| | गरि समय समयमा विद्यालयमा यस्ता विषयमा कक्षा छलफल, गोष्ठी, वादविवाद, वक्तृत्वकला, निवन्ध प्रतियोगिता गराउने । | हुनेछन् । | | र संख्या)<br>• लैंगिक समानताको विषयमा विद्यार्थी र शिक्षकका लागि आयोजित विभिन्न कार्यक्रमहरू नियमितताको अवस्था, संख्या र लाभान्वितको संख्या । |
| | महिला, त्यसमा पनि अपाङ्गता भएका, दलित, आदिवासी जनजाती, मधेशी महिला र तेस्रो लिंगीलाई शिक्षाको अधिकारमा पहुँच बढाउन अपाङ्गता भएका बालिका तथा तेस्रो लिंगि बालबालिकाको विद्यालय भर्नालाइ प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने | सीमान्तकृत महिला तथा तेस्रो लिंगिको शिक्षामा पहुँच वृद्धि हुनेछ | सामाजिक बिकास शाखा | • बालिका वा तेस्रो लिंगिको विद्यालय भर्नामा भएको वृद्धि दर |

| | | | | |
|---|---|---|---|---|
| | सिप विकास तालिम, राजनैतिक दलहरू, स्थानीय तहका विभिन्न पदहरूमा र स्वरोजगार र रोजगारीका क्षेत्रमा महिला (खास गरेर अपाङ्गता भएका, दलित, मुस्लिम, आदिवासी जनजाति, मधेशी महिला) र लैङ्गिक अल्पसंख्यकको सहभागितामा अभिवृद्धि गर्न आर्थिक सहयोग, सकारात्मक विभेद, आरक्षण र प्रोत्साहन गर्ने कृयाकलाप संचालन गर्ने । | सीमान्तकृत महिला र तेस्रो लिंगीहरूको सार्वजनिक सहभागितामा वृद्धि हुनेछ । | सामाजिक बिकास शाखा | • महिला तथा तेस्रो लिंगिको सिप विकास तालिम, रोजगारी, स्वरोजगारीमा भएको वृद्धिको दर । |
| | सार्वजनिक निर्णय प्रकृया, योजना निर्माण, अनुगमन जस्ता कामहरूमा महिला सहभागिता र सीमान्तकृत समुदायका महिला र तेस्रो लिंगिहरूको समेत | योजना निर्माण र अनुगमन प्रकृया समावेशी र पारदर्शी हुनेछ | भौतिक पुर्वाधार तथा योजना शाखा | • गाउँपालिका र वडाका विभिन्न निर्णय प्रकृयाहरूमा महिला, सीमान्तकृत समुदाय र तेस्रो लिंगिको सहभागिताको संख्या |

| | | | | |
|---|---|---|---|---|
| | सहभागिता गराउने | | | । |
| ७. एकल (विधवा) महिलाहरु प्रति भएको बिभेदको अन्य गर्ने कानूनी तथा नीतिगत व्यवस्था | सार्वनजिक तथा नीतिगत निर्णय गर्ने तथा समाजमा नेतृत्वदायि भुमिकामा सहभगीता गराउने | एकल (विधवा) महिलाहरुको सहभागीतामा बृद्धि हुनेछ | सामाजिक बिकास शाखा | • गाउँपालिकामा रहेका एकल (विधवा) महिलाहरुको सहभागिता |

## दिगो विकास लक्ष ६ :  सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन ।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

६.१. २०३० सम्ममा सबैको निम्ति सुरक्षित र किफायती वा धान्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हाँसिल गर्ने।

६.२. सन् २०३० सम्ममा सरसफाई र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

६.३. सन् २०३० सम्ममा प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोर तथा रसायनहरू र वस्तुहरूको विसर्जन कार्यलाई न्यूनीकरण गरेर, प्रशोधन नगरिएका फोहोर पानीको हिस्सा आधा घटाएर र खेर गएका वस्तुहरूको पुनःप्रयोगको लागि प्रशोधन गरि सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तरमा सुधार गर्ने ।

६.४. सन् २०३० सम्ममा पानी-प्रयोगको दक्षता / प्रभावकारितालाई सबै क्षेत्रहरूमा उल्लेख्य रूपमा सुधार गर्ने, खानेपानीको अभावलाई सम्बोधन गर्नको लागि ताजा / स्वच्छ पानीको दिगो आपूर्ति गर्ने कार्यको सुनिश्चितता गर्ने र पानीको अभावबाट पीडितहरूको सङ्ख्या उल्लेख्य रूपमा घटाउने ।

६.५. सन् २०३० सम्ममा उपयुक्तताअनुसार सीमापार सहयोग लगायत सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

६.६. सन् २०३० सम्ममा पर्वतीय क्षेत्र, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने ।

## लक्ष ६ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipalities under Goal 6)

- **गाउँक्षेत्रमा शुद्ध पानीको उपलब्धता र स्वच्छता सम्बन्धी संरचनाहरूमा सुधार**
- **सबै नागरिकको शुद्ध पिउने पानीमा पहुँच अभिवृद्धि**
- **गाउँ सफाइ, फोहर व्यवस्थापन र स्वच्छता**

**दिगो विकास लक्ष ६ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. सुरक्षित रूपमा व्यवस्था गरिएको खानेपानी सेवाहरू | सबै गाउँपालिकाका वासीन्दा हरूलाइ नियमित र शुध्द पानी आपूर्ति गर्ने सबै | सबै गाउँबासीहरूको शुध्द पिउने पानी र स्वच्छतामा पहुँच बृद्धि | खाने पानी तथा सरसफाइ शाखा | • सत प्रतिशत गाउँवासीलाइ शुध्द पानी नियमित रूपमा |

| | | | | |
|---|---|---|---|---|
| प्रयोग गर्ने जनसङ्ख्याको अनुपात<br><br>२. साबुन पानीसहितको हात धुने सुविधा लगायतका सुरक्षित तवरले व्यवस्थित गरिएका सरसफाई सेवाहरू प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | पूर्वाधार निर्माण गरि पानी आपूर्ति गर्ने । | हुनेछ | | आपूर्ति भएको व्यवस्था । |
| | पानी आपूर्ति प्रणालीमा भएको खरावी पहिचान गरि आवश्यक मर्मत गर्ने र खेर गैरहेको पानीलाइ प्रशोधन गरि प्रयोगमा ल्याउने प्रणाली स्थापना गर्ने । पानीका स्रोतहरू पहिचान गरि तिनको संरक्षण गर्ने कार्यक्रम ल्याउने । | गाउँक्षेत्रमा पानीको आपूर्ति नियमित र दिगो हुनेछ | खाने पानी तथा सरसफाइ शाखा | • चुस्त दुरूस्तरूपमा संचालित आपूर्ति प्रणाली |
| ३. खेरगैरहेको पानीलाई सुरक्षित रूपमा प्रशोधन गरिएको अनुपात<br><br>४. राम्रो गुणस्तरीय पानी भएका तालतलैया, सीमसार आदिको अनुपात । | गाउँ सफाइका लागि सार्वजनिक चेतना बढाउने कार्यक्रम गर्ने र समुदाय र गाउँ टोल सुधार समितिलाइ सरसफाइ र फोहर व्यवस्थापनमा परिचालन गर्ने । फोहर संकलन केन्द्रहरूलाइ व्यवस्थित र सुरक्षित बनाउने । | गाउँपालिका क्षेत्रको सार्वजनिक स्वास्थ्यमा सुधार हुनेछ र सार्वजनिक स्वच्छतामा सुधार हुनेछ | स्वास्थ्य शाखा | • सचेतना कार्यक्रमहरूको संख्या र लाभान्वितहरूको संख्या<br>• गाउँ सफाइमा परिचालित समुह, समुदाय, संस्थाहरूको संख्या, |

| | | | | |
|---|---|---|---|---|
| ५. समयसँगै खानेपानी प्रयोगको दक्षतामा भएको परिवर्तन<br>६. एकीकृत जलस्रोत व्यवस्थापनमा स्थानीय सरकारले निर्माण गरेको योजना र कार्यान्वयनको अवस्था<br>७. समयसँगै खानेपानीसँग सम्बन्धित परिस्थिति अनुसारका प्रणालीहरूमा भएको परिवर्तन | | | | जतासुकै फोहर फाल्ने प्रवृत्तिमा न्यूनिकरण भई फोहोरलाई जैविक मल बनाई कृषी उत्पादनमा प्रयोग भएको अवस्था ।<br>• व्यवस्थित र सुरक्षित फोहर संकलन केन्द्रहरूको संख्या र पूर्ण उपयोग भएको अवस्था । |
| | फोहर प्रसोधनका कामलाई प्रभावकारी बनाउने र फोहर व्यवस्थापनलाई आय आर्जनको माध्यम बनाउने कार्यक्रम ल्याउने । | गाउँक्षेत्रभित्रको फोहर व्यवस्थापन दिगो हुनेछ | स्वास्थ्य शाखा | • फोहर प्रसोधनका लागि संचालित कामहरूको संख्या । |
| | सरसफाई कर्मचारीको तलब बृद्धि, सुरक्षा, प्रोत्साहनका | गाउँक्षेत्रभित्रको फोहर | भौतिक पुर्वाधार तथा योजना | • फोहर व्यवस्थापन गर्न वा फोहर |

| | | | | |
|---|---|---|---|---|
| | लागि कार्यक्रम ल्याउने र डम्पिङ साइटहरूलाई व्यवस्थित गर्ने । | व्यवस्थापन दिगो हुनेछ | शाखा | **व्यवस्थित गर्न व्यवस्थित र सुरक्षित डम्पिङ साइट**<br>• सरसफाइ कर्मचारीको लागि लागु प्रोत्साहन प्याकेज । |
| | स्वच्छ र सफा वडाहरू, सफाइमा सहयोग पुर्याउने व्यक्ति, समुदाय र संस्थालाई पुरस्कृत र सहयोग गर्ने । | गाउँ सरसफाइ र स्वच्छतामा बडा कार्यालय र बडावासीहरूको संलग्नता र सकृयातामा वृद्धि हुनेछ । | भौतिक पुर्वाधार तथा योजना शाखा<br>स्वास्थ्य शाखा | • सरसफाइको लागि निर्धारित मापदण्डहरू<br>• मापदण्ड पुरा गर्ने वडाहरूको संख्या<br>• पुरस्कृत वडा, संस्था, व्यक्ति वा समुहको संख्या । |
| | फोहर प्रसोधन गर्ने काम र प्रसोधनबाट उत्पादित विभिन्न वस्तुहरूको उपयोग, | गाउँ क्षेत्र भित्रको फोहर व्यवस्थापन दिगो हुनेछ | वातावरण शाखा | • **संचालित वा सहयोग गरिएका फोहर प्रसोधन केन्द्रहरूको** |

| | | | | |
|---|---|---|---|---|
| | बजारिकरणका लागि नीजि क्षेत्र वा गैर सरकारी संस्थालाइ सहयोग गर्ने | | | संख्या र चालु रहेको अवस्था ।<br>• उत्पादित वस्तुहरूको बिक्री वितरण र यसबाट भएको आर्थिक लाभको विवरण । |
| | गाउँको सबै स्थानमा पानी वा फोहरजन्य तरलपदार्थको उचित व्यवस्थापन गर्ने र विद्यमान पानी वा फोहरजन्य तरलपदार्थ निकासमा भएको खराबी पहिचान गरि मर्मत र सुधार गर्ने | पालिका पालिकाको क्षेत्रभित्र बिकास हुने बजार क्षेत्रमा भएको अव्यवस्थित पानी वा फोहरजन्य तरल पदार्थका कारणले उत्पन्न समस्या र चुनौतिहरूमा कमि आउनेछ | खानेपानी तथा सरसफाइ शाखा | • अव्यवस्थित ढलजन्य समस्याहरूको पहिचान र न्युनिकरण भएको अवस्था ।<br>• पालिका वा पालिका भित्रका क्षेत्रमा पानी वा फोहरजन्य तरलपदार्थ सबै स्थानमा ढलको व्यवस्था भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | अवस्था |
| | खुल्ला दिशापिसावलाई निरूत्साहित गर्ने । साबुनपानीले हात धुने बानीको विकास गराउन जनचेतना जगाउने र विद्यालयमा शिक्षा दिने व्यवस्था गर्ने । सार्वजनिक शौचालयहरूको मर्मत तथा सुधार गर्ने, नियमित संचालनको व्यवस्था गर्ने र जनसंख्याको आधारमा सार्वजनिक सौचालयहरू थप गर्ने । | सार्वजनिक शौचालयको अभावको कारणले नागरिकले भोग्नुपर्ने समस्यामा कमि आउनेछ र गाउँपालिकाको सरसफाइमा समेत योगदान पुग्नेछ । | स्वास्थय शाखा र शिक्षा शाखा | • व्यवस्थित रूपमा संचालनमा रहेका सार्वजनिक सौचालयको संख्या ।<br>• थप गरिएका सार्वजिक सौचालयको संख्या |

# पूर्वाधार विकास (दिगो विकास लक्ष ७, ९, ११)

## दिगो विकास लक्ष ७: दिगो, किफायति र विश्वसनीय उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

७.१. सन् २०३० सम्ममा धान्न सकिने, भरपर्दो र आधुनिक ऊर्जा सुविधाहरूमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

७.२. सन् २०३० सम्ममा विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य रूपमा बढाउने ।

७.३. ऊर्जा दक्षता / प्रभावकारितामा गरिने सुधारको दरलाई सन् २०३० सम्ममा दोब्बर पार्ने ।

### लक्ष ७ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipalities under Goal 7)

- बैकल्पिक उर्जाको प्रवर्धन विकास र प्रसार
- विद्युत आपूर्तिमा नियमितता र संरचनाहरूमा सुधार
- बिद्युत चुहावटमा नियन्त्रण

**दिगो विकास लक्ष ७ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. विद्युतमा पहुँच भएका जनताको अनुपात<br>२. कुल अन्तिम उर्जा खपतमा नविकरणीय उर्जाको हिस्सा<br>३. प्राथमिक ऊर्जा र कुल गार्हस्थ्य उत्पादनको रूपमा मापन गरिएको ऊर्जाको सघनता (intensity) | सौर्य उर्जाको प्रयोगको लागि समुदायलाई प्रोत्साहन गर्ने गरि अनुदान दिने । | बैकल्पिक उर्जाको प्रयोगमा बृद्धि हुनेछ । | उर्जा शाखा | • गाउँ स्तरीय सौर्य उर्जा अनुदान कार्यक्रम र लाभान्वित संख्या |
| | बिद्युत आपूर्तिलाई नियमित र सहज बनाउने | अनियमित विद्युत आपूर्तिको कारण आम नागरिकको दैनिक जीवनमा पर्न जाने नकारात्मक प्रभाव र नोक्सानीमा कमी आउनेछ । | उर्जा शाखा | • बिद्युत आपूर्ति नियमित भएको अवस्था |
| | बिद्युत आपूर्ति प्रणालीमा भएको समस्या र खराबी पहिचान गरि मर्मत तथा सुधार गर्ने । बिद्युत नपुगेको स्थानमा पुर्याउने | बिद्युत आपूर्ति दिगो, नियमित र गुणस्तरीय हुनेछ । | उर्जा शाखा | • पहिचान भएका बिद्युत आपूर्ति प्रणालीका समस्या र चुनौतिहरू<br>• समाधान भएका समस्याहरू |

| | | | | |
|---|---|---|---|---|
| | बिद्युत चुहाबट र पटक पटक हुने कटौतिलाइ अन्त्य गर्ने | बिद्युत चुहावटबाट हुने आर्थिक नोक्सानीबाट गाउँपालिका मुक्त हुनेछ । | उर्जा शाखा | • पहिचान भएका बिद्युत चुहावटका कारण र समस्याहरू<br>• निराकरण भएका समस्याहरू |
| | गाउँमा चल्ने सवारी साधनहरूमा बिद्युतीय सवारीसाधनहरूलाइ प्रवर्धन गर्ने कार्यक्रम लागू गर्ने | सवारी साधनको इन्धनमा विदेशिने रकममा कमि आउनेछ । | योजना तथा प्राविधिक साखा | • बिद्युत सवारी साधनहरूको बृद्धिको दर |

## दिगो विकास लक्ष ९: उत्थानशिल संरचना, समावेशी औद्योगीकिकरण, नविन खोजको प्रवर्धन ।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

९.१. धान्न सकिने र सबैका लागि न्यायोचित पहुँच हुन सकोस् भन्ने कुरामा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील (Resilient) पूर्वाधारहरूको विकास गर्ने ।

९.२. समावेशी र दिगो रूपको औद्योगिक प्रवर्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थितिअनुकुल रोजगारी र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रूपमा बढाउने साथै अति कम विकसित मुलुकहरूमा यसको हिस्सा दोब्बर पार्ने ।

९.३. आफ्नो क्षमताअनुसार लिन /बेहोर्न सकिने ऋण र मूल्य–शृङ्खला एवम् बजारमा तिनीहरूको एकीकरण लगायत वित्तीय सेवाहरूमा विशेष गरेर विकासशील देशहरूका सानास्तरका उद्यमहरू र अन्य उद्यमहरूमा पहुँच बढाउने ।

९.५. सबै देशहरूसँग भएको क्षमताअनुसार सन् २०३० सम्ममा पूर्वाधारको स्तरोन्नति गर्ने र साधनहरूको प्रयोगमा बढेको दक्षता र स्वच्छ तथा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिहरू र औद्योगिक प्रक्रियाहरूको अवलम्बन गर्दै उद्योगहरूलाई दिगो बनाउन प्रवलीकरण गर्ने ।

९.६. सन् २०३० सम्ममा नव प्रवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसङ्ख्यामा अनुसन्धान र विकासमा कामदारहरूको सङ्ख्या ७५ प्रतिशत वृद्धि गर्ने र सार्वजनिक–निजी अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धानलाई बढवा दिने, सबै देशहरू खासगरी विकासशील देशहरूको औद्योगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने ।

## लक्ष ९ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipalities under Goal 9)

- **दिगो, विपद् प्रतिरोधी र सुरक्षित संरचनाहरूको निर्माण**
- **पहुँचयुक्त सार्वजनिक संरचनाको निर्माण**
- **समावेशी विपद् जोखिम न्युनिकरण**
- **उद्यमशिलता विकास तथा रोजगारी प्रवर्धन**

### दिगो विकास लक्ष ९ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन |
|---|---|---|---|---|

| | | | | सूचक |
|---|---|---|---|---|
| १. बाह्रै महिना सञ्चालन योग्य सडकको २ किलोमिटर दूरीभित्र बसोबास गर्ने ग्रामीण जनसङ्ख्याको अनुपात<br>२. यातायातका प्रकार अनुसार यात्रुहरू र ओसारपसार भएका मालसामानको आयतन/मात्रा | सार्वजनिक स्थल, संरचना र अन्य भौतिक संरचना निर्माणका लागि मापदण्ड निर्धारण गर्ने, लागु गर्ने अनुगमनलाई प्रभावकारी बनाउने । | सार्वजनिक संरचनाहरू दिगो, पहुँचयुक्त, बलिया, सुरक्षित र विपद् प्रतिरोधी हुनेछन् । | भौतिक पर्वाधार तथ योजना शाखा | • निर्धारित मापदण्डहरू र यसको समावेशी विशेषताहरू<br>• मापदण्ड पालना गरेर बनाइएका संरचनाहरूको बृद्धि दर<br>• प्रभावकारी अनुगमन संयन्त्र र अनुगमनका संख्या |
| ३. कुल रोजगारीमा औद्योगिक क्षेत्रले प्रदान गरेको रोजगारीको अनुपात ।<br>४. कुल औद्योगिक मूल्य | गाउँमा रहेका सार्वजनिक सेवा दिने संरचनाहरू, सार्वजनिक यातायात सेवा, सडक, सडकपेटी, पार्क, मनोरन्जन स्थलहरू विपद प्रतिरोधी, अपाङ्गता, ज्येष्ठ नागरिक, महिला, | सार्वजनिक संरचनाहरूको उपयोगमा सबैको पहुँच प्राप्त हुनेछ । | भौतिक पर्वाधार तथा योजना शाखा | • भौतिक रूपमा अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि मैत्रीपूर्ण हुने सार्वजनिक सेवा दिने कार्यालयहरू |

| | | | | |
|---|---|---|---|---|
| अभिवृद्धिमा सानास्तरका उद्योगहरूको हिस्सा/अनुपात<br>५. मूल्य अभिवृद्धिको प्रतिएकाइ कार्बनडाइअक्साइड उत्सर्जन | बालबालिका मैत्री र सबैले पहुँच प्राप्त गर्न सक्ने र प्रयोगकर्ता मैत्री बनाउने । | | | र स्थलहरू<br>• जोखिम रहित अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत सबैले सहज रूपमा यात्रा गर्न मिल्ने सार्वजनिक सवारी साधनहरूको संख्या र परिचालन । |
| | गाउँमा रहेका साना,कृषी तथा जडिवुटीमा आधारित, परम्परागत तथा घरेलु उद्योगहरूलाइ प्रवर्धन गर्ने कार्यक्रम लागू गर्ने । | साना तथा घरेलु उद्योगमा जनताको संलग्नतामा वृद्धि हुनेछ र रोजगारीका अवसरहरूमा वृद्धि हुनेछ | सामाजिक बिकास शाखा | • साना तथा घरेलु उद्योगमा गाउँवासीको संलग्नतामा भएको वृद्धिको दर |
| | हानिकारक धुवाँ र ग्यास उत्सर्जन घटाउन विद्यमान मापदण्ड कडाइका साथ | प्रदुषण नियन्त्रण सम्बन्धी मापदण्ड पुरा गर्ने उद्योगहरूको | उर्जा शाखा | • गाउँमा औद्योगिक क्षेत्रबाट हुने प्रदुषणमा आएको |

| | | | | |
|---|---|---|---|---|
| | लागु गराउने र मापदण्ड पुरा गरी उदाहरणीय काम गर्ने उद्योग कारखानाहरूलाइ पुरस्कृत गर्ने । | संख्यामा वृद्धि हुनेछ | | कमिको दर । |
| | सडकहरू चौडा बनाउने, सडक पेटीहरू पैदल यात्री र अपाङ्गता मैत्री बनाउने, सार्वजनिक सूचना र ट्राफिक व्यवस्थापनलाइ चुस्त र पहुँचयुक्त बनाउने | सार्वजनिक स्थलहरू प्रयोगकर्ता मैत्री हुनेछन् । | भौतिक पुर्वाधार तथा योजना शाखा | • निर्धारित मापदण्ड पुरा भएका सबारी मैत्री र पैदलयात्री मैत्री सडक सञ्जाल तथा अवरोधमुक्त सडक पेटीहरू । |
| | गाउँपालिकाको पूर्वाधारको दिगो विकासको लागि अध्ययन अनुसंधान गर्ने | ग्रामिण पूर्वाधारको वास्तविक अवस्था पहिचान हुनेछ र पूर्वाधार विकासको लागि योजना निर्माणमा सहज हुनेछ | भौतिक पुर्वाधार तथा योजना शाखा | • अध्ययन प्रतिवेदन |
| | विपद व्यवस्थापनलाइ हरेक वडामा चुस्त बनाउने र विपद प्रतिरोधी क्षमता | विपद जोखिम न्युनिकरणका कार्यक्रमहरू समावेशी | बिपद तथा वातारण शाखा | • बडा स्तरीय विपद् व्यवस्थापनको संयन्त्र, |

| | | | | |
|---|---|---|---|---|
| | विकास गर्न समुदायमा नियमित रूपमा समावेशी विपद् व्यवस्थापनका लागि तालिम, अभिमुखीकरण, सूचना प्रवाह जारी राख्ने | हुनेछन र यसको लागि समुदायको सकृयतामा वृद्धि हुनेछ । | | आकस्मिक प्रतिकार्यको तयारी र क्षमताको अवस्था ।<br>• विपद् व्यवस्थापनमा तालिमप्राप्त मानव संसाधन र क्षमता<br>• उपलब्ध प्रविधि, साधन र सुरक्षा सामग्री<br>• जनसमुदायमा चेनताको स्तर |

## दिगो विकास लक्ष ११ : समावेशी, सुरक्षित, उत्थानशिल र दिगो मानव बसोबास सहितको सहर र समुदाय सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

११.१ सन् २०३० सम्ममा सुरक्षित र क्षमताले धान्न सक्ने घर र आधारभत् सेवाहरूमा सबैको पहुँच सनिश्चित गर्ने र गरीब–बस्तीहरू / झुपडपट्टीहरू (Slums) लाई स्तरोन्नति गर्ने ।

११.२. सन् २०३० सम्ममा संकटग्रस्त (Vulnerable) अवस्थाहरूमा रहेका व्यक्तिहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र प्रौढहरूको आवश्यकताहरूलाई विशेष ध्यान दिँदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्वारा सबैका लागि सुरक्षित, क्षमताले धान्नसक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरूमा यस्ता व्यक्तिहरूलाई पहुँच दिने।

११.४. विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरूलाई संरक्षण तथा सुरक्षण दिने प्रयास / प्रयत्नहरूलाई सुदृढ / प्रभावकारी बनाउने ।

११.६. सन् २०३० सम्ममा वायुको गुणस्तर र नगरस्तरीय तथा अन्य फोहोरमैला व्यवस्थापनलाई विशेष ध्यान दिई सहरहरूको प्रतिकूल प्रतिव्यक्ति वातावरणीय प्रभावलाई घटाउने ।

११.७. सन् २०३० सम्ममा विशेषगरेर महिला र बालबालिका, प्रौढ व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थलहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने ।

### लक्ष ११ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality under Goal 11)

- गरिबहरू बस्ने आवास क्षेत्रमा सुधार
- **संरचना र पूर्वाधारहरूमा गाउँपालकावासिको स्वामित्व**
- वातावरणीय प्रदुषणमा न्युनिकरण

### दिगो विकास लक्ष ११ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| १. गरीब-बस्तीहरू, | गाउँक्षेत्रभित्र रहेका असुरक्षित आवास क्षेत्रहरू, | गरिब बस्तिहरूको संरचनामा सुधार | भौतिक पर्वाधार तथा योजना | • स्तरोन्नति गरि सुरक्षित तरिकाले |

| | | | | |
|---|---|---|---|---|
| जोखिमयुक्त स्थानका बस्तीहरू वा अपर्याप्त सुविधा भएका घरहरूमा बसोबास गर्ने गाउँको जनसङ्ख्याको अनुपात | गरिब वस्ती र जोखियमयुक्त स्थानका बस्तीहरु पहिचान गरि सुरक्षित बनाउन र स्तरोन्नति गर्न सहयोग कार्यक्रम ल्याउने | आउनेछ र त्यस्ता आवास क्षेत्रहरू सुरक्षित र जोखिमरहित हुनेछन् | शाखा | बनाइएका गरिब वस्तीहरू |
| २. लिङ्ग, उमेर र अपाङ्गता भएका व्यक्तिहरूअनुसार सार्वजनिक संरचना, सेवा सुविधा, यातायातमा सुविधाजनक पहुँच भएका जनसङ्ख्याको अनुपात<br>३. सबै सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण, सुरक्षा तथा संवर्धनमा गरिएको प्रतिव्यक्ति कुल खर्च (सार्वजनिक र निजी), सम्पदाको प्रकार (सांस्कृतिक, प्राकृतिक, | गाउँभित्रका सार्वजनिक स्थल, भौतिक संरचनाहरू निर्माण गर्दा, सडक तथा यातायात सुविधाहरू उपलब्ध गराउँदा, सेवा प्रणालीहरू निर्माण गर्दा जनसंख्याको विविधता हेरेर योजना निर्माण, कार्यान्वयन गर्ने र अनुगमन प्रकृयामा महिला, दलित, जनजाति, आदिवासी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यूवा, बालबालिकाको सहभागिता र उनीहरूसँगको परामर्श सुनिश्चित गर्ने | गाउँपालिका क्षेत्रभित्र बन्ने संरचना र पूर्वाधारमा सबै समुदायको स्वामित्व हुनेछ र सबैका लागि उपयोगी र पहुँचयुक्त हुनेगरि समावेशी बन्नेछन् । | भौतिक पुर्वाधार तथा योजना शाखा | • पालिकाले पालिकाबासी तथा विभिन्न समुदायलाइ लक्षित गरेर बनाएका योजनाहरूको संख्या र योजनाले समेटेका कार्यक्रमहरू<br>• योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रकृयामा विभिन्न समुदायका प्रतिनिधिहरूको |

| | | | | |
|---|---|---|---|---|
| मिश्रित र विश्वसम्पदा केन्द्रले तोकेको, सरकारको तह (राष्ट्रिय, क्षेत्रीय/प्रादेशिक र स्थानीय/नगरपालिका), खर्चको प्रकार (सञ्चालन खर्च/लगानी) र निजी सहयोगको प्रकार | | | | सहभागिताको अवस्था र संख्या<br>• योजना निर्माण र कार्यान्वयनमा समेटिएका विभिन्न समुदायका सवालहरू |
| (वस्तु/सामग्रीहरूको दान, निजी गैरनाफामूलक क्षेत्र र प्रायोजन) अनुसारका विवरणहरू<br><br>४. नियमित रूपमा सङ्कलन गरिएको फोहोरमैलाको हिस्सा र उत्पादन/पैदा गरिएको कुल ग्रामिण | गाउँपालिका भित्र रहेका परम्परागत सांस्कृतिक चाड पर्व र जात्राहरू, ऐतिहासिक तथा धार्मिक स्थलहरू, पुराना सांस्कृतिक तथा प्राकृतिक संपदाहरूको पहिचान, संरक्षण, जिर्णोद्वार र मर्मतका लागि नियमित कार्यक्रमहरू लागु गर्ने | पुराना सांस्कृतिक र प्राकृतिक संपदाहरू संरक्षित हुनेछन् | सामाजकि बिकास शाखा | • गाउँभित्र पहिचान गरि संरक्षण गरिएका पुराना सांस्कृतिक र प्राकृतिक संपदाहरूको प्रकार र संख्या |
| फोहोरमैलामध्ये पर्याप्त मात्रामा यस्तो फोहोरको अन्तिम विसर्जन गर्ने स्थानहरू । | बातावरणमैत्री सवारी साधन, प्रदुषणमुक्त कलकारखाना र दिगो फोहरमैला व्यवस्थापनलाई ग्रामिण | गाउँपालिका क्षेत्रभित्र वातावरणीय प्रदुषणमा न्युनिकरण हुनेछ | बन, वातावरण, फोहरमैला तथा विपद् | • बातावरण प्रदुषणको दरमा आएको कमि |

| | | | | |
|---|---|---|---|---|
| ५. योजनाबद्ध रूपमा सार्वजनिक प्रयोगका लागि विकास गरिएका खुला क्षेत्रहरू को औसत अनुपात (लिङ्ग, उमेर र अपाङ्गता भएका व्यक्तिअनुसार) | क्षेत्रमा प्राथमिकताका साथ लागु गराउने । | | व्यवस्थापन साखा | |

# बातावरणीय व्यवस्थापन (दिगो विकास लक्ष १२, १३, १४ र १५ )

## दिगो विकास लक्ष १२ : दिगो उपभोग र उत्पादन ढाँचा

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

१२.१. विकासोन्मुख देशहरूको विकासलाई दृष्टिगत गर्दै सबै देशहरूले दिगो उपभोग र उत्पादन कार्यक्रमहरूको १० वर्षे ढाँचा / खाका (Framework) कार्यान्वयन गर्ने साथै यस कार्यमा विकसित देशहरूले नेतृत्व लिने ।

१२.३. खुद्रा र उपभोक्ताहरूको तहमा हुने प्रतिव्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोग/व्यर्थ प्रयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र बाली भित्र्याइसकेपछि हुने क्षति लगायत उत्पादन र आपूर्ति शृङ्खलामा हुने खाद्यान्नको क्षतिलाई घटाउने ।

१२.४. सम्झौता गरिएको अन्तर्राष्ट्रिय फ्रेमवर्कहरूअनुरूप रासायनिक पदार्थहरू र सबै फोहोरमैलाहरूको जीवनचक्रभरि वातावरणीय दृष्टिकोणले प्रभावकारी ढङ्गले व्यवस्थापन गर्ने साथै मानव स्वास्थ्य र वातावरणमा पर्ने यिनीहरूको प्रतिकूल प्रभावलाई न्यून पार्नका लागि वायु, जल र माटोमा गरिने यस्ता वस्तुहरूको विसर्जनलाई उल्लेख्य रूपमा घटाउने ।

१२.५. सन् २०३० सम्ममा फोहोरमैलाको उत्पादनलाई निषेध/रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरूलाई पुनः प्रशोधनका साथै पुनः प्रयोग गरेर उल्लेख्य रूपमा घटाउने ।

१२.६. कम्पनीहरू विशेषगरी ठूला र बहुराष्ट्रिय कम्पनीहरूलाई दिगो अभ्यासहरू / पद्धतिहरू (Practices) अवलम्बन गर्न र आफ्ना प्रतिवेदनहरूमा दिगोपनासम्बन्धी सूचनाहरू समावेश गर्न प्रेरित गर्ने ।

१२.७. दिगो प्रकृतिका सार्वजनिक खरिद प्रणाली / पद्धतिहरूलाई राष्ट्रिय नीतिहरू र प्राथमिकताहरूअनुरूप प्रवर्द्धन गर्ने ।

१२.८. सन् २०३० सम्ममा जुनसुकै स्थानमा रहेका व्यक्तिहरूसँग दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचनाहरू रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने ।

## लक्ष १२ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality under Goal 12)

- **अनुत्पादक खर्च र तडकभडकमा नियन्त्रण**
- **खाद्य पदार्थको संरक्षण तथा स्थानीय उत्पादनमा प्रवर्धन**

## दिगो विकास लक्ष १२ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धि | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| स्थानीय सरकारसँग दिगो उपभोग र उत्पादनसम्बन्धी कार्ययोजना भएको<br><br>खाद्य वस्तुमा हुने नोक्सानीको सुचकाङ्क<br><br>स्रोतसाधनहरूको उपयोगमा आधारित सूचक मेटरियल फुटप्रिन्ट, प्रतिव्यक्ति मेटरियल फुटप्रिन्ट र प्रति कुल गार्हस्थ्य उत्पादन मेटरियल फुटप्रिन्ट<br><br>दिगो प्रकृतिका सार्वजनिक खरिद नीतिहरू र कार्ययोजनाहरू स्थानीय तहबाट लागू भइरहेको अवस्था<br><br>पुनः प्रशोधन दर, पुनः प्रशोधन गरिएका वस्तुहरू (टनमा) | गाउँपालिकाभित्र दिगो उत्पादन र उपभोगलाइ प्रवर्धन गर्ने कार्यक्रम बनाइ लागु गर्ने | उत्पादन र उपभोगको दिगोपनामा सुधार हुनेछ | सामाजिक बिकास शाखा | संचालित कार्यक्रम र यसबाट लाभान्वित क्षेत्र र जनताको अनुपात |
| | सांस्कृतिक चाडबाडमा, जात्रा, पर्व, सामाजिक भेलाहरूमा हुने अनावश्यक र अनुत्पादक तडकभडक र खर्चलाइ कम गर्ने मापदण्डहरू निर्धारण गर्ने र समुदायमा पालना गराउने | अनुत्पादक खर्च, अनावश्यक उपभोग र तडकभडकमा कमी आउनेछ । | सामाजिक बिकास शाखा | • तोकिएका मापदण्डहरू<br>• मापदण्डहरूको पालना र अनुत्पादक खर्चको घट्दो दर |
| | अनावश्यक उपभोग र अनुत्पादक खर्च कम गर्न समुदायमा जनचेतना मुलक कार्यक्रम संचालन गर्ने र उपभोग्य वस्तुहरूको आपूर्ति र भण्डारणको क्रममा हुने क्षति र नोक्सानीलाइ कम गर्ने उपयुक्त प्रविधिको उपयोग गर्ने | अनुत्पादक खर्च, अनावश्यक उपभोग र खाद्य वस्तु वा उपभोग्य वस्तुमा हुने अनावश्यक र अनपेक्षित नोक्सानीमा कमि आउनेछ । | सामाजिकि बिकास शाखा | • संचालित जनचेतनामुलक कामहरू र लाभान्वित संख्या<br>• उपभोग्य वस्तुहरूको नोक्सानीमा कमि ल्याउन प्रयोग गरिने |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रविधि र उपायहरू |
| | खाद्य पदार्थ तथा अन्य वस्तुहरूको अनियन्त्रित उपभोग र नोक्सानीलाई कम गर्न समुदाय शिक्षा कार्यक्रम लागु गर्ने र संचारमाध्यमबाट बहस र चेतनामुलक कार्यक्रमहरू संचालन गर्ने | खाद्य पदार्थको संरक्षण र भण्डारणमा समुदायका नागरिकहरू जिम्मेवार हुनेछन् र खानेकुराहरूको नोक्सानीमा कमि आउनेछ । | शिक्षा शाखा | • समुदाय स्तरमा संचालित कार्यक्रमहरूको संख्या र लाभान्वित संख्या<br>• संचार माध्यमबाट संचालित कार्यक्रमहरूको संख्या । |
| | गाउँभित्रै उत्पादन हुने उपभोग्य वस्तु तथा सेवाको पहिचान, संरक्षण र प्रवर्धनका कार्यक्रमहरू संचालन गर्ने | स्थानीय उत्पादनले प्राथमिकता पाउनेछ । | सामाजकि बिकास शाखा | • स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोग गर्ने नागरिकहरूको संख्यामा भएको वृद्धि |
| | हानिकारक फोहरमैलाको उत्पादन हुने गतिविधिहरू पहिचान गरि रोक्ने, | हानीकारक फोहरमैलाको उत्पादनमा कमि आइ | बातावरण शाखा | • हानीकारक फोहरमैलाको उत्पादन हुने |

| | | | | |
|---|---|---|---|---|
| | न्यूनिकरण गर्ने र निरूत्साहित गर्ने कार्यक्रम लागु गर्ने र पुन प्रशोधन गर्न मिल्ने फोहरमैलाहरूको प्रशोधनलाई व्यावसायिकरण गर्न अनुदान तथा प्रोत्साहन कार्यक्रम लागु गर्ने | वातावरण प्रदुषण कम गर्न सहयोग पुग्नेछ | | क्षेत्रहरूको पहिचान र यसको उत्पादनको घट्दो दर । |

**दिगो विकास लक्ष १३ : जलवायू परिवर्तन र यसको असरसँग लड्न तत्कालिन कदमहरू ।**

**दिगो विकास लक्ष १५: स्थलीय इकोसिस्टमको संरक्षण, बनको दिगो व्यवस्थापन, मुरूभुमीकरण रोक्ने, जैविक बिविधतामा हुने क्षति रोक्ने ।**

**सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू**

१३.१. सबै देशहरूमा जलवायुसँग सम्बन्धित घातक/हानिकारक कुराहरूको साथै प्राकृतिक विपद्हरूको सामना गर्न उत्थानशील (Resilient) र अनुकूलन क्षमतालाई सुदृढ गर्ने ।

१३.२. जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने।

१३.३. जलवायु परिवर्तनलाई कम गर्न, अनुकूलन गर्न, प्रभाव घटाउन र पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने।

१५.१. सन् २०३० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरूअन्तर्गतका दायित्वहरूअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालय र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनस्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने ।

१५.२. सन् २०३० सम्ममा सबै प्रकारका वनको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुनःस्थापना गर्ने साथै वृक्षारोपण र विनाश भएको वनमा पुनः रूखविरुवा लगाउने।

१५.३. सन् २०३० सम्ममा मरुभूमीकरण, सुख्खा र खाद्य वस्तुहरूद्वारा नकारात्मक रूपमा प्रभावित जमिन लगायतका क्षय भएको (Degraded) जमिन र माटोको पुनस्थापन गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोतसाधनहरूको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्नेतर्फ प्रयासरत (Strive) रहने ।

## लक्ष १३ र १५ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality under Goal 15)

- **विपद् जोखिम न्यूनिकरणमा समुदायको संलग्नता**
- **सवारीजन्य प्रदुषणमा न्युनिकरण**
- **खुल्ला स्थान, ताल तलैया, बन जंगलको संरक्षण**

**दिगो विकास लक्ष १३ र १५ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| स्थानीय सरकारसंग स्थानीय विपद् जोखिम न्यूनीकरण | गाउँक्षेत्रभित्र वडा तहमा विपद् व्यवस्थापन समितिको | विपद् जोखिम न्यूनिकरणमा समुदाय | बतावरण शाखा | संचालित क्षमता विकास कार्यक्रमहरू, विपद् |

| | | | | |
|---|---|---|---|---|
| योजना रणनीति भएको । <br> विपद्हरूको कारण भएका मुत्युबरण गरेका, हराइरहेका र प्रत्यक्ष रूपमा प्रभावित | क्षमता विकास गर्ने र विपद् जोखिम न्यूनिकरणको काममा सकृय गराउने | जिम्मेवार बन्दै जानेछ | | जोखिम न्यूनिकरणका लागि वडा स्तरमा गरिएको पूर्व तयारीको अवस्था |
| व्यक्तिहरूको अनुपात (प्रति १ लाख जनसङ्ख्यामा) <br> स्थानीय सरकारद्वारा जलवायु अनुकुलन सम्बन्धी एकीकृत नीति/रणनीति/योजना तर्जुमा र कार्यान्वयन भएको— | गाउँभित्र संचालित उद्योग र यातायातका साधनहरूबाट हुने जलवायू प्रदुषण कम गर्न मापदण्डहरू तोक्ने र लागु गराउने | गाउँमा उद्योग र सबारीसाधनबाट हुने प्रदुषण घट्नेछ । | वातावरण शाखा | • निर्धारित मापदण्डहरू र लागु गराउन गरिएका कृयाकलापहरूको संख्या । <br> • प्रदुशणको दरमा आएको कमी |
| जसबाट जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्ने क्षमता तथा जलवायु | मापदण्ड लागू गर्ने उद्योग, कल कारखाना र सवारी कम्पनीहरूलाइ पुरस्कृत गर्ने | प्रदुषणमुक्त गाउँ बनाउन सबै सरोकारवाला जिम्मेवार हुनेछन् | वातावरण शाखा | • मापदण्ड लागु गर्ने कारखाना र उद्योगहरूको संख्या |
| उत्थानशीलतामा अभिबृद्धि <br> स्थानीय सरकारद्वारा जलवायु परिवर्तनमा कमी, | गाउँपालिका क्षेत्र भित्रका ताल तलैया, सिससार र बन जंगल संरक्षणको लागि मापदण्ड र योजना लागू | गाउँपालिकाभित्र पर्ने नदी, सीमसार, तालतलैया र बनजंगलहरू संरक्षित | वातावरण शाखा | • संरक्षित सिमसार र ताल तलैयाको संख्या |

| | | | | |
|---|---|---|---|---|
| अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्वसावधानी जस्ता विषयलाई प्राथमिक र माध्यमिक शिक्षाको पाठ्यक्रममा एकीकृत गरेको<br><br>कुल भू-क्षेत्रको अनुपातमा वन क्षेत्र<br><br>दिगो बन व्यवस्थापन सम्बन्धी प्रगति<br><br>कुल भूभागमध्ये गुणस्तर क्षय भएको जमिनको अनुपात | गर्ने र नांगा डाँडा र खुल्ला ठाउँहरूमा वृक्ष रोपण गर्ने | हुनेछन् । | | |
| | हरित सहरको योजना निर्माण गरि खुल्ला स्थानहरूमा बगैंचा निर्माण र वृक्षारोपण गर्ने | खुल्ला स्थानहरूमा हरियाली बृद्धि भइ वातवरण संरक्षणमा योगदान पुग्नेछ | वातावरण शाखा | • गाउँभित्र निर्मित बगैंचा र वृक्षारोपणको संख्या<br>• संरक्षित बनजंगल, बन्य जन्तु र वृक्षारोपण गरिएका खुल्ला स्थानहरू । |
| | गाउँपालिका भित्र भू क्षय हुने, माटो वग्ने र पहिरो जाने ठाउँहरूको पहिचान गरि नियन्त्रणका उपायहरू अपनाउने । | भू-क्षय र पहिरोमा कमि आउनेछ । | वातावरण शाखा | • पहिचान गरिएका ठाउहरूको संख्या, क्षेत्रफल र नियन्त्रणका लागि अपनाइएका उपायहरू |
| | जलबायू संरक्षण सम्बन्धी विद्यालयहरूमा शिक्षा दिने व्यवस्था मिलाउने | जनतामा जलवायुको संरक्षण सम्बन्धमा चेनता वृद्धि हुनेछ | शिक्षा शाखा | • विद्यालयहरूमा जलवायु संरक्षण सम्बन्धी पाठ्यक्रमहरू |

# संस्थागत विकास र शुसासन (दिगो विकास लक्ष १६ र १७ )

## दिगो विकास लक्ष १६ : दिगो विकासका लागि शान्तिपुर्ण र समावेशी समाज, सबैका लागि न्यायमा पहुँच ।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

१६.१. सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रुपमा कम गर्ने।

१६.२. दुरुपयोग, शोषण, तस्करी र बालबालिकाहरूमाथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने ।

१६.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरहरूमै कानूनको शासन प्रवर्धन गर्ने र न्यायमा सबैको समान पहुँच सुनिश्चित गर्ने ।

१६.५. सबै प्रकार / स्वरूपहरूका भ्रष्टाचार र घूसखोरीलाई उल्लेख्य रूपमा घटाउने ।

१६.६. सबै तहहरूमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरू स्थापना गर्ने ।

१६.७. सबै तहहरूमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक नीति—निर्माण सुनिश्चित गर्ने ।

१६.९. सन् २०३० सम्ममा जन्मदर्ता लगायत अन्य कानूनी पहिचान सबैलाई प्रदान गर्ने

१६.१०. राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्झौताहरूअनुरूप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताहरूको रक्षा गर्ने।

### लक्ष १६ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality under Goal 16)

- **गाउँक्षेत्रभित्र हुने विभिन्न हिंसा र अपराधका घटनाहरूमा न्यूनिकरण**
- **गाउँको न्याय संपादनमा सुधार र सबैले न्याय सम्बन्धी सेवा सहज रूपमा पाउने वातावरण निर्माण**
- **गाउँपालिकाको विभिन्न साखाहरूले सर्वसाधारणलाई दिने सेवाहरूको चुस्तता र गुणस्तरमा वृद्धि**

- **सेवाप्रदान गर्ने कार्यमा खटिने कर्मचारीको क्षमतामा विकास र सीमान्तकृतहरूका लागि सेवादिने कार्यमा विशेष प्राथमिकता**

**दिगो विकास लक्ष १६ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासको लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाई | उपलब्धी/अनुमगन सूचक |
|---|---|---|---|---|
| • लिङ्ग र उमेरअनुसार अन्तर्राष्ट्रिय नरसंहारसम्बन्धी गतिविधिहरूबाट पीडितहरूको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा)<br>• आफ्नो वरपरको क्षेत्रमा एक्लै हिड्डुल गर्दा सुरक्षित महसुष गर्ने जनसंख्याको अनुपात ।<br>• वितेको १२ महिनामा हेरचाह गर्ने व्यक्तिहरूद्वारा कुनै पनि किसिमको दण्ड | **समाजमा विभिन्न कारणले मानवमाथी हुने हिंसा मानव बेचबिखन (खास गरेर बाल हिंसा, महिला** हिंसा, यौन हिंसा, अपाङ्गता भएका र ज्येष्ठ नागरिक माथि हुने हिंसा, घरेलु हिंसा लगायत) का स्वरूपहरू पहिचान गरि हिंसा नियन्त्रणका लागि प्रहरी प्रशासनलाई सकृय बनाउने साथै विभिन्न तालिम उपलब्ध गराउने । | गाउँपालिका क्षेत्र भित्र हिंसाका घटनाहरूमा कमि आउनेछ । | सामाजक विकास शाखा | गाउँपालिकाभित्र हिंसाको दरमा आएको कमी |
| | समुदायमा विभिन्न आधारमा गरिने विभेद (जस्तै अपाङ्गता, लैंगिक, उमेर, | सबै नागरिकहरुले विभेद विरूद्ध सहजै र निर्भय रूपमा उजुरी | सामाजिक बिकास शाखा | विभेद विरूद्ध भएका उजुरीहरूको दर र समाधानको दर । |

| | | | | |
|---|---|---|---|---|
| मनोवैज्ञानिक त्रास/आक्रमणको अनुभव गरेका १ देखि १७ वर्ष उमेरका बालबालिकाहरूको अनुपात<br>• लिङ्ग, उमेर र शोषणको स्वरूपअनुसार मानव तस्करीमा परेका पीडितहरु(प्रति १ लाख जनसङ्ख्यामा)<br>• उमेर अनुसार १८ बर्षको उमेर सम्म यौन हिसाको अनुभव गरेका १८ देखि २९ बर्ष उमेरका युवा युवतीहरुको अनुपात<br>• अधिकार प्राप्त निकायहरूसमक्ष वा औपचारिक रूपमा | जात, वर्ण, धर्म, आर्थिक अवस्था) विरूद्ध उजुरी लिने प्रकृयालाई सहज र पारदर्शी बनाउने । | गर्न सक्नेछन । | | |
| | हिंसा विरूद्ध समुदायलाई जिम्मेवार बनाउन समुदाय स्तरमा जनचेतना, कानुनी शिक्षा र अभिमुखीकरणका कार्यक्रमहरू संचालन गर्ने । | हिंसा विरूद्धका गतिविधिहरूमा समुदायका मानिसहरू स्वयम सकृय हुनेछन् र हिंसामा कमि आउनेछ | न्यायिक समिति | हिंसाका घटनाहरूको दरमा आएको कमि |
| | गाउँपालिकाको न्यायिक समितिको क्षमता विकास गर्ने र सबै वर्ग र समुदायका व्यक्तिहरूलाइ न्याय सेवा दिन संक्षम बनाउने । | न्यायिक समितिबाट सम्पादन हुने न्यायमा प्रभावकारिता आउनेछ । | न्यायिक समिति | • संचालित क्षमता विकासका कार्यक्रमहरू |
| | गाउँपालिकाको गुनासो दर्ता प्रणालीलाई सबैका लागि पहुँचयुक्त बनाउने (अपाङ्गता भएका व्यक्ति, महिला, | सबै खाले नागरिकहरूले गुनासो दर्ता गर्न सक्नेछन् । | न्यायिक समिति | • पहुँचयुक्त गुनासो दर्ता र सुनुवाइ प्रणाली |

| | | | | |
|---|---|---|---|---|
| मान्यताप्राप्त द्वन्द्व समाधान संयन्त्रहरूसमक्ष विगत १२ महिनामा आफूलाई सिकार/पीडित बनाइएको कुराको जानकारी दिने हिंसापीडितहरूको अनुपात<br>• विगत १२ महिनाको अवधिमा सरकारी कर्मचारीसँग कम्तीमा एक पटक सम्पर्क भएका र उनीहरूलाई घूस दिएका वा सरकारी अधिकारीहरूद्वारा घूस माग गरिएका व्यक्तिहरूको अनुपात ।<br>• सार्वजनिक सेवाहरूका सम्बन्धमा आफ्नो पछिल्लो अनुभव राम्रो भएका जनसङ्ख्याको अनुपात । | बालबालिका, ज्येष्ठ नागरिक, गरिब तथा विपन्न, निरक्षर लगायत) | | | |
| | भ्रष्टाचार विरूद्धका कार्वाहिलाइ शसक्त बनाउने र गाउँपालिकामा भ्रष्टाचार हुन नदिन सार्वजनिक सेवालाई प्रविधिसँग जोडेर थप पारदर्शी बनाउने | सार्वजनिक सेवाहरू प्रविधियुक्त हुनेछन र छिटो छरितो ढंगबाट गाउँवासिहरूले सेवाहरू पाउनेछन् । भ्रष्टाचार नियन्त्रण थप प्रभावकारी हुनेछ । | सुचना प्रविधि शाखा | • कार्वाहीको संख्या<br>• संभावित भ्रष्टाचार हुन नदिन संचालन गरिएका पारदर्शी सेवाहरू<br>• प्रविधिमार्फत गरिने निगरानीहरू<br>• अनलाइन सेवा संचालन |
| | गाउँपालिकाका कर्मचारीहरूको सुचना प्रविधिमा पहुँच बढाउन आवश्यक तालिम दिने र साधन सम्पन्न बनाउने | कर्मचारीहरूको कार्यसंपादनमा सुधार हुनेछ । | सुचना प्रविधि शाखा | • संचालित तालिमहरू<br>• सेवा सुविधालाई सहज बनाउन जडित प्रविधि |
| | अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत | अपाङ्गता भएका व्यक्ति लगायत सीमान्तकृत | सामाजकि | • अपाङ्गता भएका व्यक्ति र |

| | | | | |
|---|---|---|---|---|
| • लिङ्ग, उमेर, अपाङगता तथा जनसांख्यिक समुदायका आधारमा निर्णय प्रकृया समावेशी र उत्तरदायी भएकोमा विश्वस्त जनसंख्याको अनुपात | समुदायलाइ गाउँपालिकाले उपलब्ध गराउने सार्वजनिक सेवामा विशेष प्राथमिकता दिने | समुदायले गाउँ पालिकाबाट सहजै सेवाहरू पाउनेछन् | बिकास शाखा | सीमान्तकृत समुदायका लागि गरिएको पहुँचयुक्त र विशेष व्यवस्था |
| | गाउँवासीहरूलाई कानुनी हकहरू र यसको उपयोगको बारेमा विभिन्न प्रकाशनहरूको माध्यमबाट जानकारी गराउने | | न्यायिक समिति | • |

## दिगो विकास लक्ष १७ : दिगो विकासका लागि कार्यान्वनयका उपाय/साधनहरूलाइ सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाइ पुन जीवन्त तुल्याउने ।

### सम्बन्धित राष्ट्रिय परिमाणात्मक लक्षहरू

१७.१. करका साथै अरू प्रकारका राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देशहरूलाई दिइने अन्तर्राष्ट्रिय सहायता समेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तुल्याउने ।

१७.२. आफ्नो कुल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशत विकासशील देशहरूलाई र ०.१५ देखि ०.२० प्रतिशत अति कम विकसित देशहरूलाई प्रदान गर्ने लक्ष्य हांसिल गर्न धेरै विकसित देशहरूद्वारा गरिएको प्रतिबद्धता लगायत विकसित देशहरूले गरेका आधिकारिक सहायता प्रतिबद्धताहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने ।

१७.१५. गरीबी उन्मूलन र दिगो विकासका लागि नीतिहरू तर्जुमा (Establish) र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा (Policy space) र नेतृत्वलाई सम्मान गर्ने ।

१७.१७. साझेदारीहरूको अनुभव र स्रोतहरूको व्यवस्थापनसम्बन्धी रणनीतिहरूको जगमा (building on) प्रभावकारी सार्वजनिक, सार्वजनिक—निजी र नागरिक समाजसम्बन्धी साझेदारीहरूलाई प्रोत्साहन र प्रवद्र्धन गर्ने

१७.१८. सन् २०३० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, जाति, वर्ण, बसाइँसराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषताहरूअनुसार खण्डीकृत (Disaggregated गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दा तथ्याङ्कलाई उल्लेख्य रूपमा वृद्धि गर्ने

## लक्ष १७ अन्तर्गत फिक्कल गाउँपालिकाका प्राथमिकताहरू (Priorities of Fikkal Rural Municipality under Goal 17)

- **गाउँवासिहरूको स्पष्ट र विस्तृत तथ्याङ्क**
- **सेवामा प्रविधिको प्रयोग**

**दिगो विकास लक्ष १७ का लागि फिक्कल गाउँपालिकाको लागि कार्ययोजना**

| दिगो विकासका लागि स्थानीय सूचक | योजना | अपेक्षित उपलब्धी | पालिकाको जिम्मेवार इकाइ | उपलब्धी अनुगमन सूचक |
|---|---|---|---|---|
| • स्थानीय तहको कुल बजेटमा आन्तरिक आयको हिस्सा<br>• इन्टरनेट प्रयोग गर्ने | गाउँपालिकाको कर प्रणालीलाइ चुस्त छरितो, आधुनिक, सूचना प्रविधियुक्त र सुदृढ बनाउन अन्तर्राष्ट्रिय सहायताको लागि अपिल गर्ने | गाउँपालिकाको कर प्रणालीमा सुधार आउनेछ र कर संकलनमा वृद्धि हुनेछ | राजस्व शाखा | सुदृढ गरिएको कर प्रणाली र कर संकलनमा भएको वृद्धिको अनुपात |

| | | | | |
|---|---|---|---|---|
| व्यक्तिहरूको अनुपात<br>• विकास सहायता प्रदान गर्ने मुलुक/संस्थाहरूद्वारा मुलुकले निर्धारण गरेका नतिजा तालिकाहरू र योजनाका औजारहरूको प्रयोगको हद/मात्रा<br>• सार्वजनिक—निजी र नागरिक समाजसम्बन्धी साझेदारीहरूलाई प्रदान गर्न प्रतिबद्धता गरिएको रकमको मात्रा<br>• आधिकारिक तथ्याङ्कहरूको मौलिक सिद्धान्तअनुरूप लक्ष्यसँग सान्दर्भिक भएको अवस्थामा पूर्ण रूपमा खण्डीकृत भै वडातहसम्मका स्थानीयस्तरमा उत्पादित | गाउँपालिकाका क्षेत्रमा सूचना प्रविधिको विकासको लागि विकसित देशले विकाससशिल देशहरूलाइ दिने सहायताको अवसर लिनको लागि चाहिने तयारी र पहलहरू गर्ने | सार्वजनिक सेवा लिन गाउँवासिहरूमा सूचना प्रविधिको प्रयोगमा बृद्धि हुनेछ । | सूचना प्रविधि शाखा | सूचना प्रविधि वा इन्टरनेट प्रयोग गर्ने पालिका वासिहरूको अनुपात |
| | विभिन्न जनताका सरोकारका विषयहरू र सामाजिक सवालहरूमा (गरिवी निवारण, महिला हिंसा, दलितका सवालहरू, अपाङ्गताका सवालहरू, बालबालिका इत्यादि) सार्वजनिक नीजी साझेदारीको नीति लिइ विभिन्न गैरसरकारी तथा नीजि संस्थाहरूसँगको सहकार्यमा कार्यक्रमहरू संचालन गर्ने | गैर सरकारी र नीजि संस्थाहरूसँगको सहकार्यमा वृद्धि भइ गाउँ विकासमा सरोकारवालाहरूको स्वामित्वमा वृद्धि हुनेछ | सामाजिक विकास शाखा | सार्वजनिक-निजी साझेदारीमा संचालित योजनाहरूको संख्या र लाभान्वित समुहको संख्या |

| | | | | |
|---|---|---|---|---|
| दिगो विकासका सूचकहरूको अनुपात | गाउँपालिका भित्र वसोवास गर्ने सबै प्रकारका व्यक्तिहरू जाति, वर्ग, समुदाय, लिंग, अपाङ्गता, उमेर, वसाइँ सराइ, आर्थिक अवस्था, जस्ता विशेषताको आधारमा गाउँपालिकामा खण्डिकृत तथ्याङ्क राख्ने र नियमित अध्यावधिक गर्ने प्रणाली र संयन्त्र स्थापित गर्ने | सबै वर्ग र समुदायका मानिसहरूको स्पष्ट तथ्याङ्क स्थापित भइ नीति तथा कार्ययोजना निर्माण र सेवा सुविधाको प्रवाहमा सहजता आउनेछ | पञ्जिकरण शखा | गाउँवासिहरूको खण्डिकृत तथ्याङ्क र सो तथ्याङ्कका आधारमा बनाइएका नीति, कार्यक्रम र योजनाहरू |
| | | | | |

**अनुगमन तथा मुल्याङ्कन**

फिक्कल गाउँपालिकाले तयार गरेको दिगो विकास लक्ष सम्बन्धी कार्ययोजनाको अनुगमन तथा मुल्याङ्कन गर्न देहायबमोजिमको ६ सदस्यीय निर्देशन समिति गठन गरिनेछ ।

१. गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

२. गाउँपालिकाको उपाध्यक्ष– उपाध्यक्ष

३. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

४. अध्यक्षले नीजि क्षेत्र र नारिक समाजबाट मनोनित गरेका दुइ प्रतिनिधि (१ महिला अनिवार्य ) - सदस्य

५. योजना शाखा हेर्ने प्रमुख – सदस्य

६. जिल्ला समन्वय समितिका प्रतिनिधि - सदस्य

उल्लेखित समितिले माथि बनेको आवधिक योजनामा तय गरिएका अनुगमन सूचकहरू, उल्लेखित आवधिक योजना अनुसार बार्षिक योजनामा संलग्न कार्यक्रम, अपेक्षित उपलब्धी, लाभग्राहीको संख्या, बजेट, विस्तृत कार्ययोजना आदिलाई मुख्य सूचक बनाइ यसलाई थप मापनयोग्य बनाउन अरू सूचकहरू थप गर्न सक्नेछ । कार्ययोजनाको मुल्याङ्कन बार्षिक रूपमा हरेक वर्ष गरिनेछ । अनुगमन सूचकहरूका आधारमा नियमित कार्यतालिका बनाइ अनुगमन गरिनेछ र वर्षको एक पटक विज्ञको समेत सहयोग लिइ मुल्याङ्कन गररिने छ । अनुगमन गर्नको लागि चाहिने विधि र उपकरणहरूको निर्माण अनुगमन समितिले गर्नेछ । उक्त विधि र उपकरणहरूको प्रयोग गरि गरिएको अनुगमन तथा मुल्याङ्कनबाट आएका तथ्याङ्कहरूलाई कम्प्युटर प्रणालीमा पालिकामा संकलन गरिनेछ । संकलित तथ्याङ्कको वर्गीकरण र विश्लेषण गरि हरेक वर्ष अनुगमन तथा मुल्याङ्कनको प्रतिवेदन तयार गरिनेछ । नियमित रूपमा गरिएको अनुगमन र बार्षिक रूपमा गरिएको मुल्याङ्कनको प्रतिवेदन हरेक वर्ष गाउँसभामा पेश गरिनेछ ।